सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० पुस २०८१, बुधबार (25 Dec 2024, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २४८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

भ्रष्टाचारको घरजग्गा जोगाउन पूर्वउपसचिवले गरे घरसम्मको सडक नै बन्द



भित्र रहेको घरमा जान प्रयोगमा ल्याइएको नयाँ बाटो भ्रष्टाचारबाट आर्जित घरजग्गा जोगाउन बन्द गराइएको बाटो

जिल्ला अदालतले बनाएको कसुरजन्य सम्पत्ति जफतसम्बन्धी कार्यविधिअनुसार जिल्ला अदालतका म्रेस्तेदार अध्यक्षताको मूल्यांकन समितिले जफत हुने सम्पत्तिको मूल्यांकन गरेपछि पहिलो प्राथमिकता धनीलाई नै दिने प्रावधान छ। 'मूल्यांकनको क्रममा बाटो नभएको देखाएर सस्तो मूल्य कायम गर्ने र आफैँ त्यो खरिद गर्ने उहाँको योजना हुन सक्छ,' जिल्ला अदालतका एक कर्मचारीले भने। सम्बन्धित व्यक्तिले सो नसकारे मात्र त्यस्तो सम्पत्ति खुला प्रतिस्पर्धा गरिने जिल्ला अदालतको कार्यविधिमा छ। यस्तो प्रावधानले एकातर्फ मूल्यांकनमै चलखेल हुने र अर्कोतर्फ खुला प्रतिस्पर्धा नहुँदा कसुरजन्य सम्पत्तिका दोषीलाई समेत फाइदा हुने अवस्था छ। घरमा जाने बाटो बन्द गराएर त्यसैको फाइदा उनले उठाउन खोजेका हुन्।

नवराज मैनाली/नयाँ पत्रिका

भ्रष्टाचारबाट आर्जित घरजग्गा जोगाउन पूर्वउपसचिव मुरारीबहादुर कार्कीले घरमा जाने सडक नै पर्खाल लगाएर बन्द गराएका छन्। राजस्व अनुसन्धान विभागका पूर्वउपसचिव कार्कीले सर्वोच्च अदालतबाट समेत जफतको फैसला भएको घरजग्गा आफैँले 'हत्याउन' यस्तो बदमासी गरेका हुन्।

काठमाडौंको सिनामंगलस्थित उनको १० रोपनी ३ पैसा जग्गा र त्यसमा बनेको साढे तीनतले घर भ्रष्टाचारबाट आर्जन गरेको भन्दै जफत हुने फैसला २ असार ०६९

» पृष्ठ २ मा क्रमशः

■ २१ रोपनी हदबन्दीको जग्गा बिक्रीमा अख्तियारले थाल्यो छानबिन



टुंगरम इन्टरनेसनल एकेडेमीको नाममा ललितपुर लामाटारमा रहेको २१ रोपनी जग्गा मालपोतका कर्मचारीको मिलेमतोमा रोक्का रहेकै अवस्थामा बिक्री भएको थियो। (विस्तृत पृष्ठ २)

भ्रष्टाचारी ठहर कांग्रेस सर्लाही सभापतिलाई नेतृत्वको संरक्षण

फौजदारी कसुरमा दोषी ठहर व्यक्ति साधारण सदस्यसमेत बस्न नमिल्ने कानुन र विधानको व्यवस्था, सभापति देउवादेखि महामन्त्रीद्वय थापा र शर्माको पटक-पटक लिखित ध्यानाकर्षण गराउँदा उल्टै संरक्षण





कांग्रेस नेता एवं पूर्वमन्त्री एनपी साउदको प्रमुख आतिथ्यमा १८ मंसिरमा सर्लाहीको मलंगवामा भएको कार्यक्रममा सिंहले जिल्ला सभापतिको हैसियतमा अध्यक्षता ग्रहण गरेका थिए

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

'कांग्रेस सर्लाही जिल्ला सभापति सुरेन्द्रप्रसाद सिंह सर्वोच्च अदालतबाट भ्रष्टाचारी ठहर भएको हुनाले राजनीतिक दलसम्बन्धी ऐन तथा कांग्रेस विधानअनुसार नैतिक पतन देखिने फौजदारी कसुरमा अन्तिम अदालतबाट दोषी ठहर भएमा पार्टीको साधारण सदस्यतासमेत नरहने व्यहोराबमोजिम यथाशीघ्र जिल्ला सभापतिबाट बर्खास्त गरी विधानबमोजिम नयाँ सभापति चयन गरियोस्,' भ्रष्टाचार मुद्दामा दोषी ठहर सिंहलाई कारबाहीका लागि पछिल्लो नौ महिनाको बिचमा केन्द्रीय कार्यालय सानेपामा मंगलबार दोस्रोपटक दर्ता भएको एकै व्यहोराको पत्र हो यो। सभापति शेरबहादुर देउवानिकट सिंह वन मासेर भ्रष्टाचार गरेको मुद्दामा सर्वोच्च अदालतबाट समेत सजाय पाएपछि पनि जिल्ला सभापतिकै हैसियतमा सक्रिय छन्। सर्लाहीकै तत्कालीन मनुस्मारा सिँचाइ

» पृष्ठ २ मा क्रमशः


सभापतिदेखि महामन्त्रीसम्मलाई पटकपटक भेटेर पदमुक्त गर्न भन्यौं, तर नेतृत्व नै संरक्षणमा लागेको छ



● **नवीनप्रसाद अधिकारी**
उपसभापति, सर्लाही कांग्रेस

भ्रष्टाचार ठहर भइसकेको व्यक्तिलाई पदमुक्त गर्नुस् भनेर हामीले भन्न बाँकी कोही पदाधिकारी छैनन्। सभापति, दुवै उपसभापति र दुवै महामन्त्रीलाई पटक-पटक भन्यौं। तर, नेतृत्व नै भ्रष्टाचारीको संरक्षणमा लागेको छ। हामीसँगको भेटमा हुन्छ, गर्दै छौं भन्नुहुन्छ, तर कार्यान्वयनमा बेवास्ता गर्नुहुन्छ। जसलाई भेटे पनि केही भएन। विधानको व्यवस्था कार्यान्वयन गर भन्न पनि कति दुःख पाइयो।

■ सहकारी ठगीमा फरार पत्नीको अनिश्चितकालीन बिरामी बिदा स्वीकृत गराउन प्रधानाध्यापकलाई एमाले नेता पोखरेलको दबाब





मोरङको धनपालथान गाउँपालिका- ४, कर्सियास्थित उमागौरी सहकारी ठगीमा मुद्दा चलेपछि श्रीमती अञ्जला कोइरालाको अनिश्चितकालीन बिरामी बिदा स्वीकृत गर्न सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलले प्रधानाध्यापकलाई दबाब दिएका छन्। विराटनगरको शनिहाटस्थित विराट रात्रि माविकी शिक्षिका अञ्जला राज्यकै संरक्षणमा रहे पनि प्रहरीले 'फरार' सूचीमा राखेको छ। स्रोतका अनुसार पोखरेलले अञ्जलाको बिदा स्वीकृतिका लागि विद्यालयमा निवेदन पठाई बिदा स्वीकृत गर्न प्रधानाध्यापक भंकनाथ पराजुलीलाई फोन गरेर दबाब दिएका हुन्। अञ्जलासहित २६ विरुद्ध २८ मंसिरमा उमागौरी सहकारी ठगी प्रकरणमा जिल्ला अदालत मोरङमा मुद्दा चलेको छ। मुद्दा दायरको भोलिपल्ट २९ मंसिरमा उनी विराटनगरको सहिद मैदानमा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा विद्यालयको तर्फबाट सहभागी भएकी थिइन्। तर, २८ मंसिरमै विद्यालयमा पाँच दिनको क्याबि बिदा लेखेर अनुपस्थित भएकी थिइन्। प्रहरीले २ पुसमा पक्राउ पुर्जी जारी गरेको अञ्जलाको विद्यालयमा लिएको बिदा ५ पुसमा सकिएको छ। प्रहरीले घरमै बसेकी अञ्जलालाई 'फरार' रहेको भन्दै सोधपुछसम्म गरेको थिएन।

४६ प्रश्नको जवाफसहित वडाकेन्द्रित अभियानमा जाँदै एमाले



माघदेखि चैतसम्म जिल्ला, प्रदेश र जनसंगठनका नेतृत्वसँग सुझाव लिइने, केन्द्रीय कमिटी बैठक बोलाउने तयारी

(विस्तृत पृष्ठ ४)

संक्रमणकालीन न्यायमा विलम्ब किन ?



● विनोदमोहन आचार्य

(पृष्ठ ५)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

लोकसेवा परीक्षामा असफल भएपछि बुवा र भाइको हत्या

टेकराज थामी/नयाँ पत्रिका

लोकसेवा परीक्षामा पटक-पटक असफल भएपछि मिलन आचार्यले बाबु र भाइको हत्या गरेको प्रहरी अनुसन्धानमा खुलेको छ। कुलप्रसादका जेठा छोरा २६ वर्षीय मिलन आचार्य ०७३ देखि लोकसेवा तयारीमा थिए। परीक्षामा पटक-पटक असफल भएपछि उनी मानसिक तनावमा थिए। त्यसको प्रतिक्रियामा उनले जिल्ला हुलाक कार्यालय खोटाङका निमित्त प्रमुख रहेका बुवा कुलप्रसाद र आफ्नै भाइ प्रवीणको हत्या गरेको खुलेको हो।



मिलन आचार्य

जिल्ला प्रहरी परिसर भक्तपुरका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले कुलप्रसाद बाबु-छोराको हत्या लोकसेवा परीक्षामा असफलतासँग जोडिएको बताए। 'कुलप्रसादका जेठा छोरा मिलन ०७३ देखि लोकसेवाको परीक्षामा समेल हुँदै आएको देखिन्छ। यस क्रममा उनी नायब सुब्बामा ६ र अधिकृतको परीक्षामा एकपटक सहभागी भएको देखिन्छ,' उनले भने, 'पटक-पटक असफल भएपछि उनी तनावमा रहेछन्। सोही तनावपछि उनले बुवा र भाइको हत्या गरेजस्तो देखिन्छ। हामीसँगको बयानमा पनि उनले त्यही भनेका छन्।'

प्रहरीका अनुसार मिलन ०७४ देखि लोकसेवाको परीक्षा दिन भन्दै काठमाडौं आएका थिए। उनी तीन वर्षदेखि भक्तपुरमा डेरा लिएर बस्दै आएका थिए। बेरोजगार उनी आवश्यक सबै खर्च घरबाटै ल्याउँथे। केही वर्षदेखि भाइ प्रवीणसँग बस्दै आएका उनले मीनभवन क्याम्पसबाट बिबिएस सकेका थिए। जागिर सुरु गर्न उनलाई घरको ठुलो दबाब

» पृष्ठ २ मा क्रमशः

प्रारम्भिक अनुसन्धानमा लोकसेवा असफलपछि हत्या गरेको देखिन्छ



● **डिएसपी ढुण्डिराज नेउपाने**
प्रवक्ता, जिल्ला प्रहरी परिसर, भक्तपुर

> कुलप्रसादका जेठा छोरा मिलन ०७३ देखि लोकसेवाको परीक्षामा सामेल हुँदै आएको देखिन्छ। यस क्रममा उनी नायब सुब्बामा ६ र अधिकृतको परीक्षामा एकपटक सहभागी भएको देखिन्छ। पटक-पटक असफल भएपछि उनी तनावमा रहेछन्। सोही तनावपछि उनले बुवा र भाइको हत्या गरेजस्तो देखिन्छ। हामीसँगको बयानमा पनि उनले त्यही भनेका छन्।

माधवसँग मिल्दै वामदेव

■ गौतमलाई तेस्रो वरीयताको नेता बनाउन एकीकृत समाजवादी सकारात्मक

● **डिबी कार्की**, महासचिव, पार्टी एकता राष्ट्रिय अभियान



राजनीतिक-वैचारिक पाटोका साथै सांगठनिक विषयमा ठोस छलफल हुन बाँकी छ। सैद्धान्तिक रूपमा एकताको विषय टुंगिसक्यो। एकीकृत समाजवादीले पास गरेका सिद्धान्तहरू एकातिर छन्। हामीले बनाएको दस्ताबेज अहिलेको वस्तुवादी यथार्थमा कार्यान्वयन गर्नुपर्ने समाजवादी अवधारणा छ। छलफलबाट हामी एउटा टुंगोमा पुग्छौं। सहमति जुटेको विषयमा जुटिहाल्यो, बाँकी विषय पार्टीको सम्पत्तिको रूपमा रहन्छ। आवश्यक समय र फोरममा ती कुरा उठाउन सक्ने गरी समझदारी गर्न सकिन्छ।

प्रेम गौतम/नयाँ पत्रिका

तेस्रो वरीयतासहित एमालेका पूर्वउपाध्यक्ष वामदेव गौतम एकीकृत समाजवादी भित्रिने भएका छन्। हाल एकीकृत समाजवादीमा अध्यक्ष माधव नेपाल छन् भने दोस्रो वरीयतामा पूर्वप्रधानमन्त्री झलनाथ खनाल छन्। गौतम एमालेको दुई कार्यकाल र एमाले-माओवादी एकताबाट बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मा उपाध्यक्ष थिए।

एमालेबाट राजीनामा दिएर पार्टी एकता राष्ट्रिय अभियान सञ्चालन गर्दै आएका गौतमले एकीकृत समाजवादीसँग एकताका लागि तीन सदस्यीय वार्ता समिति गठन गरेका छन्। अभियानका महासचिव डिबी कार्कीको नेतृत्वमा सचिव भगवती विष्ट र स्थायी समिति सदस्य लोकनाथ धमला वार्ता टोलीमा छन्।

वार्ताका लागि एकीकृत समाजवादीको पत्रको पर्खाइमा रहेको कार्कीले बताए। 'राजनीतिक-वैचारिक पाटोका साथै सांगठनिक विषयमा ठोस छलफल हुन बाँकी छ। सैद्धान्तिक रूपमा एकताको विषय टुंगिसक्यो। एकीकृत समाजवादीले पास गरेका सिद्धान्तहरू एकातिर छन्। हामीले बनाएको दस्ताबेज अहिलेको वस्तुवादी यथार्थमा कार्यान्वयन गर्नुपर्ने समाजवादी अवधारणा छ,' उनले भने, 'छलफलबाट हामी एउटा टुंगोमा पुग्छौं। सहमति जुटेको विषयमा जुटिहाल्यो, बाँकी विषय पार्टीको सम्पत्तिको रूपमा रहन्छ। आवश्यक समय र फोरममा ती कुरा उठाउन सक्ने गरी समझदारी गर्न सकिन्छ।'

एकीकृत समाजवादीको केन्द्रीय कमिटी ३४४ सदस्यीय छ। अभियानमा उपाध्यक्ष सात, महासचिव एक, उपमहासचिव एक, सचिव एक, कोषाध्यक्ष एक छन्। स्थायी कमिटी १९ र

» पृष्ठ २ मा क्रमशः



■ वामदेवका उतारचढाव

वामदेवको राजनीतिक यात्रा निकै उचारचढावपूर्ण छ। 'पूर्णकालीन कार्यकर्ता भएर भूमिगत बन्न पाऊँ' भन्दै पार्टीमा निवेदन हालेर पुष्पलाल समूहबाट भूमिगत राजनीति सुरु गरेका उनले पञ्चायतकालमा कठोर संघर्ष गरे। पुष्पलाल समूहमा विद्रोह भएर मुक्ति मोर्चा बनेपछि गौतम को-अर्डिनेसन केन्द्र (कोके)मा जोडिए। कोके माले हुँदै एमाले भयो, वामदेव पनि माले हुँदै एमाले बने। ०५१ मा एमालेले अल्पमतको सरकार चलाएका वेला उपमहासचिव बनेर उनले पार्टी हाँकेका थिए।

वामदेवले ०५४मा एमाले विभाजन गरेर माले बनाए। ०५६ को निर्वाचनमा उनको पार्टीले एक सिट पनि जित्न सकेन। ०५८ मा एमालेमै फर्किए। एमाले र माओवादी एकताबाट बनेको नेकपा हुँदै अदालतले एकता भंग गरेपछि उनी एमालेमै फर्किए। तर, ०७८ मा एमाले फेरि पुनः विभाजन भयो। पूर्वमहासचिव माधवकुमार नेपालले एकीकृत समाजवादी पार्टी गठन गरे। वामदेवले पनि एमालेबाट राजीनामा दिएर पार्टी एकता अभियानलाई अघि बढाए। यद्यपि, उनले आफ्नो पक्षका नेताहरूलाई साथमा राख्न सकेनन्। विगतमा वामदेव पक्षका थुप्रै नेता हाल एमाले र एकीकृत समाजवादीको नेतृत्व तहमा छन्।

■ हक्की, तर अस्थिर स्वभावका नेता

वामदेव हक्की स्वभावका नेता हुन्। अरूले आँट गर्न नसकेका काम र निर्णय गर्ने क्षमता उनी राख्छन्। तत्कालीन विद्रोही माओवादीसँग सहकार्य गर्ने हिम्मत वामदेवले नै गरेका थिए। जोखिम मोलेरै माओवादीसँग वार्ता गर्न वामदेव रोल्पा पुगेका थिए। एमालेले मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकार चलाएको वेला उपमहासचिवको हैसियतमा पार्टी हाँकेका उनले सरकारको निर्णय कार्यकर्तामार्फत जनतामा पुऱ्याएका थिए। पछिल्लो समय वामदेवले अस्थिर नेताको छवि बनाएका छन्। अरूको उक्साहटमा उनी फस्दै आएको उनलाई नजिकबाट चिन्नेहरू बताउँछन्।

मुगुगाउँमा अज्ञात रोगले मर्न थाले चौंरी

सोमबारसम्म करिब ६० वटा चौंरी तथा याक मरिसके

हिमपातसमेत सुरु भएकाले चिकित्सक टोलीलाई प्रभावित क्षेत्र पुगेर उपचार गर्न कठिन

मुगुमा **अच्युतराज भण्डारी**

कार्मारोङ गाउँपालिका- २, मुगुगाउँमा चौंरी तथा याक अज्ञात रोगले मर्न थालेका छन्। स्थानीय छोर्तेन लामाका अनुसार सोमबारसम्म करिब ६० वटा चौंरी तथा याक मरिसकेका छन्। तर, मंगलबारबाट हिमपात सुरु भएकाले चिकित्सक टोलीलाई प्रभावित क्षेत्र पुगेर उपचार गर्न कठिनाइ भएको छ।

लामाका अनुसार थप चौंरीहरूमा रोगको लक्षण देखिनेक्रम रोकिएको छैन। 'सुरुमा चौंरी तथा याकले मुखबाट च्याल निकाल्ने, पातलो हरियो रङको दिसा गर्ने, दिसामा हल्का रगत देखिने गरेको थियो,' लामाले भने, 'लक्षण देखिएको आठदेखि २४ घण्टाभित्रमा चौंरी मर्ने गरेका छन्। अहिले सबै गाउँले चिन्तामा छौं।'


चौंरी मर्न थालेको जानकारी पाउनासाथ गाउँपालिका कार्यालयबाट औषधि बोकेर पशु स्वास्थ्यकर्मी मुगुगाउँमा पुगेका थिए। सो टोलीले पनि रोग पत्ता लगाउन नसकेको गाउँपालिकाको पशु स्वास्थ्य शाखा प्रमुख वीरेन्द्र जोशीले बताए। 'म आफैं मुगुगाउँ पुगेर चौंरीको स्वास्थ्य अवस्था हेरेर फर्किएको हु,' उनले भने, 'के रोग लागेको भन्ने पत्ता लगाउनै सकिएको छैन। उता, चौंरीहरू धमाधम मरिरहेको खबर आइरहेको छ।'

गाउँपालिकाको टोलीले लगेको औषधिले समेत काम नगरेपछि अहिले जिल्ला भेटेरेनरी तथा पशु अस्पताल, गमगढीबाट प्राविधिक जनशक्तिसहितको टोली खटिएको छ। सो टोलीले स्वाब

» पृष्ठ २ मा क्रमशः



कार्मारोङ गाउँपालिका- २ मुगुगाउँमा याक तथा चौंरीको उपचार गर्दै चिकित्सकीय टोली। तस्बिर सौजन्य : वीरेन्द्र जोशी



● **सुवासचन्द्र रावल**, प्रमुख प्रशासकीय अधिकृत, मुगुम कार्मारोङ गाउँपालिका

चौंरीको उपचार गर्न सात सदस्यीय चिकित्सक तथा प्राविधिक टोली मुगुगाउँ पठाइएको छ। चिसोका कारण स्थानीय बैंसीतिर अस्थायी बसाइँ सरेका छन्। गाउँमा कोही नहुँदा चौंरी रहेका लेकहरूमा पुग्न स्वास्थ्यकर्मीको टोलीलाई कठिनाइ भइरहेको छ। अझ मंगलबारबाट हिमपात सुरु भएकाले झन् समस्या भएको छ।

धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र आह्वानद्वारा बिक्री गरिनेबारे प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८१/०९/१० गते)

यस बैंकका देहायको शाखा कार्यालयबाट निम्नबमोजिम कर्जा तथा सुविधा लिने ग्राहकहरूले म्यादभित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्वारा सार्वजनिक सूचना गर्दा समेत कर्जा चुक्ता नभएकाले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ, यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकमा आई आफूले उपभोग गरेको सावाँ तथा कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र अन्य लेना रकम समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो मन्जुरी दिनुहुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, यस सूचनाबमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकको अनुकूल समयमा बैंक आफैंले सकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइएको छ। यो सूचनाबमोजिम ३५ (पैंतीस) दिनभित्र चुक्ता नभएमा तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति जे, जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा प्रचलित कानुनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्रमार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ/संस्थाले यो सूचना प्रकाशित भएको ३५औं दिन वा सोभन्दा अगाडि नै शाखा कार्यालय खाँदबारीमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। बोलपत्र सूचनामा तोकिएको दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदापश्चात् लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूवर्क दर्ता हुन आएका बोलपत्र फारमहरू दिनको २ बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताका अनुपस्थितले बोलपत्र खोल्न बाधा पुग्ने छैन। साथै, कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई यसै सूचनाको आधारमा कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ साल माघ महिना १५ गते

धितो लिलाम बिक्री हुने मिति : २०८१ साल माघ महिना २० गते (ग्राहक सि.नं. १, २, र ३) दिनको २ बजे

मितिः २०८१ साल माघ महिना २१ गते (ग्राहक सि.नं. ४, ५, र ६) दिनको २ बजे

सम्बन्धित कार्यालय तथा धितो लिलाम हुने कार्यालय/स्थान : कृषि विकास बैंक लि. शाखा कार्यालय, खाँदबारी।

ग्राहकको विवरण

१. **ग्राहकको नाम : प्रमिसा स्टोर,** दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, संखुवासभा, फर्मको दर्ता नंः ४४६/०७०/०७१, दर्ता मितिः २०७१/०२/०९ पान नंः ६०२०८१७५७

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (व.मि.)
व्यापार कर्जा/१११२५	युद्ध बहादुर राई	संखुवासभा	पांमा	०७	१०५६, ६८१, १३३८	१२१०, १८०५, ५४०

प्रोप्राइटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
युद्ध बहादुर राई	खाँदबारी-०३, संखुवासभा	३३५/१६३	संखुवासभा/२०५५/०४/१५/ जिल्ला प्रशासन कार्यालय	इन्द्र बहादुर राई	राम चन्द्र राई

२. **ग्राहकको नाम : विर्खराज राई,** ना.प्र.नंः १९०७/३८५४२, जारी मिति :२०४४/०३/१०, जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय, संखुवासभा, बाबुको नामः अम्बर बहादुर राई, बाजेको नाम : जय ध्वज राई

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (व.मि.)
सरल कृषि कर्जा/ ११५७९	विर्खराज राई	संखुवासभा	माल्टा	०३	१७५, १७२, ३२३	१३००, २६४०, २७८०
	रुपा राई	संखुवासभा	माल्टा	०३	१३५, १३६	८४०, २५७०

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
रुपा राई	खाँदबारी-०५, संखुवासभा	११०२४२	संखुवासभा/२०६१/०/०८/जिल्ला प्रशासन कार्यालय	विर्खराजराई	अम्बर बहादुर राई

३. **ग्राहकको नामः जुद्ध बहादुर राई,** ना.प्र.नंः ३९४२/८, जारी मिति :२०५६/१२/२०, जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय संखुवासभा, बाबुको नाम : लाल बहादुर राई, बाजेको नाम : सुरध्वज राई

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (व.मि.)
सरल कृषि कर्जा/११४०१	जुद्ध बहादुर राई	संखुवासभा	माल्टा	०३	३२९	८३०
				०५	८५५	२६५०

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
कमला राई	खाँदबारी-०५, संखुवासभा	११०२९९	संखुवासभा, २०६१/०९/०८ जि.प्र.का. संखुवासभा	जुद्ध बहादुर राई	लाल बहादुर राई

४. **ग्राहकको नाम : निल कुमार राई,** ना.प्र.नं. २/४८६०९, जारी मितिः२०४९/१०/१३, जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय, संखुवासभा, बाबुको नाम : पृथ्वी मान राई, बाजेको नाम : नन्द बहादुर राई

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/ कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (व.मि.)
सरल कृषि कर्जा/११४३१	निल कुमार राई	संखुवासभा	माल्टा	०३	१९८, ३०२	२४००, ३२७५
				०५	८०६	१५७०

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
अमिता राई	खाँदबारी-०५	११०२८२	संखुवासभा/२०६१/०९/०८/ जिल्ला प्रशासन कार्यालय	निल कुमार राई	पृथ्वी मान राई

५. **ग्राहकको नाम : जय कला राई,** ना.प्र.नंः १९३८/३९१७५, जारी मितिः २०४४/०९/२९, जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय, संखुवासभा, बाबुको नाम : अम्बर बहादुर राई, बाजे/ससुराको नाम : जय ध्वज राई

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल(व.मि.)
सरल कृषिकर्जा/१११९९	जय कला राई	संखुवासभा	माल्टा	०३	१४३, १५६	९६०, ३०००

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
तेज बहादुर लिम्बु	खाँदबारी-०५	६१४१०	धनकुटा/२०४४/११/०६/ जिल्ला प्रशासन कार्यालय	गणेश बहादुर लिम्बु	
प्रजित लिम्बु	खाँदबारी-०५	०७-०१-७२-०१३१६	धनकुटा/२०७२/०५/१४/ जिल्ला प्रशासन कार्यालय	तेज बहादुर लिम्बु	गणेश बहादुर लिम्बु

६. **ग्राहकको नाम : कर्ण बहादुर राई,** ना. प्र.नंः ९०/१६४४७, जारी मिति : २०३७/०१/०४, जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय, संखुवासभा, बाबुको नाम : सेतुराम राई, बाजेको नाम : दलमान राई

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (व.मि.)
सरल कृषि कर्जा/११०२६	कर्ण बहादुर राई	संखुवासभा	माल्टा	०३	१५१	१८८०
				०४	४००, ३९८	११६०, १३२०

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
विर्खराज राई	खाँदबारी-०५	१९०७/३८५४२	संखुवासभा/२०४४/०३/१०/ जिल्ला प्रशासन कार्यालय	अम्बरबहादुर राई	जय ध्वज राई

शर्तहरू :

१. शिलबन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु १,०००। (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।
२. लिलामी सूचनामा उल्लेखित कर्जा शीर्षक र नम्बर बोलपत्र फारममा अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ। साथै, बोलपत्रको खाम बाहिर कर्जा शीर्षक र नम्बरसमेत उल्लेख गरेको हुनु पर्नेछ।
३. रित नपुगेको, न्यूनतम मूल्यभन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डरउपर कुनै कारबाही गरिने छैन।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ।
५. टेण्डर मिति २०८१/१०/२० र २१ का दिन दिनको २ बजे कृषि विकास बैंक लि. शाखा कार्यालय, खाँदबारीमा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरूको रोहबरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरूको रोहबरमा खोलिने छ।
६. टेण्डरसाथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम भुक्तानी दिनुपर्ने हिसाब वा धरौटीबापत शाखा कार्यालय, खाँदबारीको खातामा जम्मा गर्नुपर्नेछ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डरसाथ राखेको हुनुपर्नेछ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिनभित्र दाखिल गरी सामान उठाई लैजानु पर्नेछ, घर/जग्गा र सवारी साधनको हकमा नामसारी गरी सक्नु पर्नेछ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुनः बिक्री गर्न सकिनेछ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रष्टसँग लेखिएको हुनु पर्नेछ। साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग-अलग कित्ता लिने हो सो समेत खुलाई पेश गर्न सकिनेछ।
९. शिलबन्दी टेण्डर खाममा लाहाछाप लगाएको हुनु पर्ने छ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपि र संगठित संस्था भए संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्नेछ।
११. बोलपत्र सदर वा बदर हुनुअगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरू रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ।
१२. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन।
१३. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नुपर्नेछ।
१४. अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाडौं।

२१ रोपनी हदबन्दीको जग्गा बिक्रीमा अख्तियारले थाल्यो छानबिन

नयाँ पत्रिका

विद्यालयको नाममा रहेको हदबन्दीभन्दा धेरै २१ रोपनी जग्गा मालपोतका कर्मचारीको मिलेमतोमा बिक्री गरेको घटनामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विस्तृत अनुसन्धान अघि बढाएको छ। टुंगरम इन्टरनेसनल एकेडेमीको नाममा ललितपुरको महालक्ष्मी नगरपालिका-९, लामाटारमा रहेको जग्गा रोक्का रहेकै अवस्थामा बिक्री भएको थियो।

हदबन्दीभन्दा धेरै जग्गा जफत हुनबाट जोगाउनका लागि मालपोतको मिलेमतोमा नयाँ कम्पनी खडा गरी बिक्री भएको थियो। यो विषयमा गत भदौमा नयाँ पत्रिकाले समाचार प्रकाशन गरेको थियो। समाचारलाई समेत आधार बनाएर विस्तृत अनुसन्धान अघि बढाइएको अख्तियार स्रोत बताउँछ।

ध्यान भिल्ला, शिला डेभलपर्सका नाममा जग्गा बिक्री गरिएको हो। ती कम्पनीहरू विद्यालयका प्रमुख सञ्चालक टुंगरम ग्याल्टुङ रिम्पोचे शेर्पानिकटस्थ व्यक्तिहरूको नाममा छ। उनले हदबन्दीभन्दा धेरै जग्गा बेच्नकै लागि यसरी मालपोत कार्यालयलाई प्रभावमा पारी आफ्ना निकटस्थ कम्पनीहरूलाई बिक्री छानबिनमा खुलेको छ। विद्यालयको नाममा ललितपुर र भक्तपुरमा करिब सय रोपनी जग्गा रहेकामा त्यो हदबन्दीभन्दा धेरै रहेकाले रोक्कामा थियो।

सो विद्यालयको हदबन्दीभित्र पर्ने भक्तपुरको करिब २९ रोपनी जग्गा पाँच वर्षअघि बिक्री भएको थियो। अनुमति नलिई अरू जग्गा राखेकाले भूमिसम्बन्धी ऐनअनुसार जफत हुने प्रावधान छ। रोक्का राखेकै अवस्थामा बिक्री गरेकाले मालपोत कर्मचारीलाई पनि अख्तियारले छानबिनमा तानेको छ।

६ पुस ०७९ मा शिला डेभलपर्स कम्पनीलाई १४ रोपनी १३ आना तीन पैसा तीन दाम र ध्यान भिल्लालाई ६ रोपनी सात आना दुई पैसा जग्गा बिक्री गरेको थियो। त्यसबाट पनि अन्य कम्पनीको नाममा जग्गा लैजाने प्रक्रियाका लागि राजस्वसमेत तिरिसकेकोमा उजुरी परेपछि रोकिएको थियो।

भूमिसम्बन्धी ऐन, २०२१ अनुसार काठमाडौं उपत्यकामा २५ रोपनी जग्गा र थप पाँच रोपनी घरबारी मात्र राख्न पाइन्छ। तर, कम्पनी तथा संस्थाहरूले नेपाल सरकारको स्वीकृति लिई राख्न पाउने र उद्देश्यअनुसार प्रयोग गर्नुपर्ने ऐनको दफा १२ मा उल्लेख छ। सोही दफाअनुसार विद्यालयको पूर्वाधार बनाउन भनेर हदबन्दीभन्दा धेरै जग्गा ०५२ मै खरिद भएको देखिन्छ। तर, ती जग्गा विद्यालयको काममा प्रयोग भएकोसमेत छैन। विदेशबाट विद्यालयको नाममा आएको सहयोगबाट यसरी जग्गा खरिद गरी व्यक्तिगत कम्पनीमा लगिएको छानबिनमा देखिएको छ। सो जग्गाको विषय र विद्यालयको विवादका विषयमा केन्द्रीय अनुसन्धान ब्युरो(सिआइबी)मा समेत उजुरी परेको छ। अख्तियारको छानबिन र सिआइबीको अनुसन्धानमा अख्तियारकै आयुक्त सुमित्रा अमात्य श्रेष्ठले अनावश्यक दबाब दिइरहेको अनुसन्धानमा आबद्ध अधिकारीहरू बताउँछन्।

उता रोक्का राखेर छानबिन भइरहेको जग्गामा हाल भवन निर्माण कार्य अघि बढाइएको छ। ध्यान भिल्ला कम्पनीले सो जग्गामा भवन बनाउन थालेको हो। भूमि व्यवस्थापन तथा अभिलेख विभागका प्रवक्ता वेदप्रसाद अर्याल हदबन्दीभन्दा धेरै भएर रोक्का रहेको जग्गामा निर्माण कार्य गर्न नमिल्ने बताउँछन्। 'यस्तो जग्गाको पुर्जामा नै रोक्का लेखिएको हुन्छ, जसकारण निर्माणका लागि स्थानीय तहले अनुमति दिन मिल्दैन, यदि कसैले बनाएको अवस्थामा जग्गासँगै भवन पनि जफत हुन्छ।' महालक्ष्मी नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष जयकृष्ण बोगटीले जग्गा रोक्का रहेकोबारे जानकारी नभएकोले निर्माणका लागि स्वीकृति दिइएको बताउँछन्।

भ्रष्टाचारको...

पृष्ठ १ बाट क्रमशः

मै सर्वोच्चले गरेको थियो। तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मी र न्यायाधीश सुशीला कार्कीको इजलासले उक्त सम्पत्ति कार्कीले भ्रष्टाचारबाट आर्जन गरेको ठहर गरेको थियो। फैसलाको साढे १२ वर्ष हुँदासम्म उनले फैसला कार्यान्वयन रोकाएर सो घरजग्गा मन्टेस्वरीलाई भाडामा लगाएर आम्दानी गरिरहेका छन्। सो घरजग्गामा हाल शिक्षान्तर प्रिस्कुल मन्टेस्वरी सञ्चालित छ।

काठमाडौं महानगरपालिकाबाट प्राप्त विवरणअनुसार २१ माघ ०५३ मा त्यहाँको घरको नक्सापास भएको छ। जुन नक्सापासमा जफत हुने उनको घरजग्गा मूलबाटोसँगै जोडिएको छ। तर, केही वर्षदेखि जफत हुने घरतर्फको बाटो बन्द गराएर उनले सँगै रहेको अर्को आफ्नै घरको भुइँतलाबाट त्यहाँसम्म जाने अस्थायी बाटो प्रयोगमा ल्याएका छन्।

जिल्ला अदालत काठमाडौंका एक कर्मचारीका अनुसार सो घरजग्गा प्रक्रिया पूरा गरेर सस्तो मूल्यमा आफैंले सकार्ने उनको दाउ देखिन्छ। जिल्ला अदालतले बनाएको कसुरजन्य सम्पत्ति जफतसम्बन्धी कार्यविधिअनुसार जिल्ला अदालतका स्रेस्तेदार अध्यक्षताको मूल्यांकन समितिले जफत हुने सम्पत्तिको मूल्यांकन गरेपछि पहिलो प्राथमिकता धनीलाई नै दिने प्रावधान छ। 'मूल्यांकनको क्रममा बाटो नभएको देखाएर सस्तो मूल्य कायम गर्ने र आफैं त्यो खरिद गर्ने उहाँको योजना हुन सक्छ,' जिल्ला अदालतका ती कर्मचारीले भने। सम्बन्धित व्यक्तिले सो नसकारे मात्र त्यस्तो सम्पत्ति खुला प्रतिस्पर्धा गरिने जिल्ला अदालतको कार्यविधिमा छ। यस्तो प्रावधानले एकातर्फ मूल्यांकनमै चलखेल हुने र अर्कोतर्फ खुला प्रतिस्पर्धा नहुँदा कसुरजन्य सम्पत्तिका दोषीलाई समेत फाइदा हुने अवस्था छ। घरमा जाने बाटो बन्द गराएर त्यसैको फाइदा उनले उठाउन खोजेका हुन्।

आन्तरिक राजस्व विभागको निर्देशक रहेकै वेला ०६३ कात्तिकमा अख्तियारले पक्राउ गरेर थुनामा राखी अनुसन्धान गरेर विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। न्यायिक जाँचबुझ आयोग, २०५८ ले उनको कुल सम्पत्तिमध्ये ४३ लाख ५५ हजार २६१ रुपैयाँबराबरको सम्पत्तिको स्रोत नखुलेको भन्दै दिएको प्रतिवेदनमा आधारित भएर अनुसन्धान गरेपछि कार्कीविरुद्ध अख्तियारले मुद्दा दायर गरेको थियो। अख्तियारले कार्कीसँग एक करोड ६३ लाख ६७ हजार ५६० रुपैयाँबराबरको सम्पत्ति अवैध रहेको दाबी गरेको थियो।

विशेषले उनलाई सफाइ दिए पनि अख्तियार पुनरावेदनमा गएपछि सर्वोच्चले उनलाई दोषी ठहर गर्दै ६ महिना कैद र ३६ लाख १५ हजार पाँच सय १९ रुपैयाँबराबरको सम्पत्ति अवैध आर्जन गरेको ठहर गरेको थियो। उनले कैद सजाय भुक्तान गरिसके पनि सम्पत्ति जफतको फैसला भने कार्यान्वयन हुन सकेको छैन। सिनामंगलको सो घरजग्गा अवैध सम्पत्तिबाट आर्जन गरेको भन्दै जफतको फैसला भएको थियो। सो जग्गा जफत गर्ने जिम्मेवारी काठमाडौं जिल्ला अदालतको हो। तर, अदालतले ध्यान नदिँदा उनको भ्रष्टाचारको सम्पत्तिबाट थप आर्जन गरिरहेका छन्। कित्ता नम्बर १८८ र १७५ रहेको सो घरजग्गा उनकी श्रीमती शकुन्तला कार्कीको नाममा छ।

सो घरजग्गा सस्तोमा हत्याउने उनको प्रयास अब भने सफल हुने देखिँदैन। पछिल्लो समय कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले नयाँ कानुनअनुसार कसुरजन्य सम्पत्ति जफत गर्न थालेको छ। कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० अनुसार यस्ता सम्पत्ति कि राज्यको नाममा ल्याउनुपर्छ कि मूल्यांकन गरेर खुला प्रतिस्पर्धामार्फत लिलाम गर्नुपर्ने हुन्छ। जसकारण पहिलेजस्तो न्यून मूल्यांकन गराएर आफैं सकार्ने उनको प्रयास सफल हुने देखिँदैन। कसुरजन्य सम्पत्ति व्यवस्था विभागका महानिर्देशक सुरेश पन्थी पूर्वउपसचिव कार्कीको सिनामंगलस्थित सो घरजग्गा जफत गरी सरकारको नाममा ल्याउने गरी प्रक्रिया अघि बढिसकेको बताउँछन्।

भ्रष्टाचारी ठहर...

पृष्ठ १ बाट क्रमशः

आयोजना प्रथम चरणको जल उपभोक्ता समिति अध्यक्ष रहँदा सिंहले वन मासेर भ्रष्टाचार गरेको भन्दै विशेष अदालतले उनीविरुद्ध कैद र जरिवाना सुनाएको थियो। त्यसविरुद्ध उनी सर्वोच्च अदालतमा पुनरावेदन गएकामा गत वर्ष १५ फागुनमा विशेषकै फैसला आंशिक सदर गर्दै दोषी ठहर गरेको थियो। विशेषले ९ महिना कैद तोकेकोमा सर्वोच्चले चार महिना १५ दिन कायम गरेको थियो भने एक करोड २३ लाख रुपैयाँ बिगो भराउने विशेषकै निर्णय सदर गरेको थियो।

नैतिक पतन देखिने फौजदारी अभियोगमा अन्तिम अदालतबाट दोषी ठहर भएमा पार्टी सदस्यता कायम नरहने पार्टी विधानको स्पष्ट व्यवस्थाबारे पदाधिकारीहरूलाई पटक-पटक भेटेरै पनि जानकारी गराउँदा पनि बेवास्ता गरिएको सर्लाही कांग्रेसका उपसभापति नवीनप्रसाद अधिकारीले बताए। 'हामीले भन्न बाँकी कोही पदाधिकारी छैनन्। सभापति, दुवै उपसभापति र दुवै महामन्त्रीलाई पटक-पटक भन्यौं। तर, नेतृत्व नै भ्रष्टाचारीको संरक्षणमा लागेको छ,' उनले भने, 'हामीसँगको भेटमा हुन्छ, गर्दै छौं भन्नुहुन्छ, तर कार्यान्वयनमा बेवास्ता गर्नुहुन्छ। जसलाई भेटे पनि केही भएन। विधानको व्यवस्था कार्यान्वयन गर भन्न पनि कति दुःख पाइयो।'

गत २७ चैतमा सर्लाहीबाट उपसभापति अधिकारी र सर्लाही क्षेत्र नं. १ का सभापति हरिबहादुर लुंगेलीलगायतको टोलीले सभापति देउवालाई भेटेर २६ जनाको हस्ताक्षरसहितको पत्र बुझाएको थियो। त्यसपछि समेत काठमाडौं आएको सर्लाही कांग्रेसको टोलीले सभापति, उपसभापति र महामन्त्रीहरूदेखि गृहमन्त्री रमेश लेखकसम्मलाई भेटेर फर्किएको थियो। तर, उनलाई पदमुक्त गर्ने निर्णय आएन, जब कि सिंह निरन्तर पार्टी नेतृत्वको सम्पर्कमै छन्।

सर्वोच्चको फैसलाअनुसार उनले चार महिना १५ दिन कैद सजाय भुक्तान गरिसकेका छन्। एक करोड २३ लाख रुपैयाँ बिगोबापतको रकम भने बुझाए/नबुझाएको जानकारी नभएको सर्लाही कांग्रेसका पूर्वसभापति लक्ष्मण रायले बताए। सर्वोच्चको फैसलापछि जिल्ला पार्टीले केन्द्रलाई नयाँ सभापति चयनको प्रक्रिया थाल्न पटक-पटक ध्यानाकर्षण गराएपछि पनि केही काम नहुँदा नेतृत्व सिंहको संरक्षणमा उभिएको उनको आरोप छ।

'रास्वपा सभापति रवि लामिछानेको आरोप लाग्नेबित्तिकै सबै पद गयो। आरोप लागेसँगै रास्वपाले कार्यबाहकको जिम्मेवारी तोकेको छ। हाम्रो पार्टीको विधानमै भएको व्यवस्था कार्यान्वयन गर्नभन्दा पनि नेतृत्व भ्रष्टाचारीको संरक्षणमै लागेको छ,' उनले भने।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले भने अदालतले दोषी ठहर गरेसँगै सिंह पार्टी जिम्मेवारीमा नरहेको दाबी गरे। उपसभापतिलाई कार्यबाहकको जिम्मेवारी दिएको प्रवक्ता महतको दाबी छ। 'फैसलासँगै उपसभापतिलाई कार्यबाहकको जिम्मेवारी दिइसकिएको छ। तर, केही स्थानमा अझै पनि आफूलाई जिल्ला सभापति नै रहेको भनेपछि साथीहरूको कम्प्लेन आएको हो,' उनले भने। जब कि उपसभापति अधिकारी स्वयं आफूलाई कार्यबाहकको जिम्मेवारी प्राप्त नभएको बताउँछन्। 'मलाई कुनै जिम्मेवारी दिइएको छैन। उहाँ (सिंह) आफैं जिल्ला सभापतिको हैसियतमा कार्यक्रम गर्दै आउनुभएको छ। पार्टीको विशेष अभियानअन्तर्गत केन्द्रीय सदस्य एनपी साउद सहभागी कार्यक्रममा पनि उनी नै अध्यक्ष थिए,' अधिकारीले भने।

गत १८ मंसिरमा कांग्रेस सर्लाहीले सयदिने अभियान थालेको थियो। जिल्ला कार्यसमिति सर्लाहीको आयोजनामा सदरमुकाम मलंगवामा औपचारिक रूपमा अभियानको सुरुवात गरिएको थियो। जसमा सभापतिकै हैसियतमा सिंहले अध्यक्षता गरेको कार्यक्रममा पूर्वमन्त्री तथा कांग्रेस केन्द्रीय सदस्य एनपी साउद प्रमुख अतिथि थिए। कार्यक्रममा केन्द्रीय सदस्य गोविन्दबहादुर साह, प्रदेश प्रतिनिधिका रूपमा मधेश प्रदेश उपसभापति चन्द्रशेखर यादव, पूर्वजिल्ला सभापति नागेन्द्र कुमार, मधेश प्रदेश सभा सदस्य जंगीलाल रायलगायत उपस्थित थिए। पूर्वजिल्ला सभापति राय दिवंगत नेता कृष्णप्रसाद भट्टराईको १०१औं जन्मजयन्तीका अवसरमा सोमबार नवलपुर वृद्धाश्रममा आयोजित कार्यक्रममा पनि सिंह सभापतिकै हैसियतमा सहभागी भएको दाबी गर्छन्। कांग्रेस नेताहरूका अनुसार सिंह जिल्लामा सभापतिकै हैसियतमा कार्यक्रममा सहभागी हुने गरेका छन्। पछिल्लो समय कांग्रेस नेता बिमलेन्द्र निधि, मधु आचार्यलगायत सहभागी कार्यक्रममा समेत सिंह सहभागी भएका थिए।

अब भने जिल्ला नेताहरूले सिंहलाई कारबाही नभए धर्नालगायत दबाब थाल्ने चेतावनी दिएका छन्। 'गलत आचरण तथा नैतिक पतन भएका भ्रष्ट व्यक्तिलाई नेतृत्व सुम्पिँदा सिंगो संगठन नै धराशायी हुनेछ। साथै, यस्ता व्यक्तिलाई नेपाली कांग्रेस पार्टी केन्द्रीय कार्यसमितिले कारबाही नगरी संरक्षण दिइरहेको हाम्रो बुझाइ छ। अतः सम्मानित सर्वोच्च अदालतको फैसलाबमोजिम यथाशीघ्र कार्यान्वयन होस्,' मंगलबार केन्द्रीय कार्यालयमा दर्ता भएको पत्रमा भनिएको छ, 'यस विषयमा पटक-पटक औपचारिक, अनौपचारिक तरिकाले जानकारी गराइसकेका छौं। यस विषयमा केन्द्रीय कार्यालय गम्भीर भएर सिंहलाई बर्खास्त नगरे केन्द्रीय कार्यालयमै धर्ना दिने, रिले अनशन बस्नेजस्ता कार्यक्रम गर्नेछौं।'

कांग्रेस विधान र राजनीतिक दलसम्बन्धी ऐन भन्छ- भ्रष्टाचारी ठहर भएपछि पार्टी सदस्य हुन अयोग्य

'नैतिक पतन देखिने फौजदारी अभियोगमा अन्तिम अदालतबाट दोषी ठहर भएमा पार्टी सदस्यता नरहने,' कांग्रेस विधानको परिच्छेद २ को दफा १३ मा स्पष्ट व्यवस्था छ। त्यस्तै, राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को परिच्छेद ३ को (ख) मा दलको सदस्यताबारे व्यवस्था छ। 'भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागुऔषध बिक्री-वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा कैदको सजाय नपाएको,' हुनुपर्ने व्यवस्था छ। तर, सर्लाही सभापति सुरेन्द्रप्रसाद सिंह सर्वोच्चबाटै भ्रष्टाचार ठहर हुँदा पनि पदमै बहाल छन्।

लोकसेवा...

पृष्ठ १ बाट क्रमशः

थियो। शुक्रबार खोटाङबाट आएका बुवा कुलप्रसादसँग जागिरकै सम्बन्धमा राति अबेरसम्म विवाद भयो। विवादपछि बुबा कुलप्रसाद र भाइ प्रवीण निदाए। तर, मिलन निदाउन सकेनन्। प्रहरीलाई दिएको बयानअनुसार बिहान करिब ५:३० बजे मिलन ओछ्यानबाट उठे। जिम गर्न कोठामा राखेको डमबेल उठाए। र, सुतिरहेका बुबालाई प्रहार गरे। चोटका कारण उनको मृत्यु भयो।

प्रतिक्रिया नआएपछि सिलौटो लिएर उनी भाइ प्रवीणकहाँ पुगे। उनको पनि टाउकोमा प्रहार गरे। दुवैको मृत्यु भएको निश्चित भएपछि उनी आत्महत्या गर्न कोठाबाट बाहिरिए। भक्तपुरकै बिरुवा डाँडा पुगेर उनी मफलरले रुखमा झुन्डिन खोजे। तर, असफल भएपछि उनी फर्किए। तनावपछि काठमाडौंमा नै हिँडिरहेका उनलाई प्रहरीले महाराजगन्जबाट मंगलबार पक्राउ गर्‍यो।

घटनाको अनुसन्धानमा संलग्न काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्यले मानसिक तनावपछि मिलनले बुवा र भाइको हत्या गरेजस्तो देखिएको बताए।

मुगुमा...

पृष्ठ १ बाट क्रमशः

गर्ने र प्रयोगशाला परीक्षणपछि मात्रै रोग पत्ता लाग्ने उनको भनाइ छ।

जिल्लाको टोलीले सम्भावित रोगको औषधिसमेत बोकेर गएको उनको भनाइ छ। 'मुगुगाउँमा टेलिफोन लाग्दैन। त्यसैले जिल्लाबाट गएको टोलीले के कस्तो उपचार गर्‍यो भनेर अहिले जानकारी लिन सकिएको छैन,' उनले भने, 'उहाँहरू फर्किएपछि मात्रै थप अपडेट हुन सकिन्छ।' चौंरी र याकमा चिसो सहने क्षमता हुन्छ। त्यसैले चिसोको कारण रोगी नभएको अनुमान छ।

मुगुम कार्मारोङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवासचन्द्र रावलले सातसदस्यीय चिकित्सक तथा प्राविधिक टोली मुगुगाउँ पठाइएको बताए। खर्कतिर रहेका चौंरी गाउँ नझरेकाले उपचारमा समस्या भइरहेको उनको भनाइ छ। स्थानीयले सो गाउँमा करिब ५५० वटा चौंरी पालेको गाउँपालिकाको तथ्यांक छ।

माधवसँग...

पृष्ठ १ बाट क्रमशः

केन्द्रीय कमिटी ८९ सदस्यीय छ। गौतमबाहेक अन्य सदस्यहरूलाई कसरी व्यवस्थापन गर्ने भन्ने नेताहरूलाई मुख्य चिन्ता छ। 'उहाँहरूको केन्द्रीय कमिटी विशाल छ, हाम्रो सानो छ। तर, व्यवस्थापन, जिम्मेवारी दिने सवालमा योग्यता, क्षमता, ऐतिहासिक पृष्ठभूमि सबै कुरा कसरी टुंग्याउने भन्ने विषयमा छलफल हुन बाँकी छ,' कार्कीले भने।

वार्ता टोली बसेर सहमति जुटाएपछि दुवै पार्टीको केन्द्रीय कमिटीबाट अनुमोदन गर्ने र पार्टी एकता गर्ने सोच रहेको उनले बताए। गौतमसहितका नेताको पदको विषयमा ठोस कुरा भइनसकेको उनले बताए। वार्ताको क्रममा सबै विषयमा छलफल हुने उनको भनाइ छ। एकीकृत समाजवादीमा वामदेवसहितको कार्यविभाजन हुने चर्चा थियो। तर, वामदेवविनै कार्यविभाजन गरेर सर्कुलर भइसकेको छ। गौतमले केही समयअघि एमालेमा जाने प्रयास गरे पनि अध्यक्ष केपी ओलीले नबोलाएको गुनासो गरेका थिए। एमालेबाट राजीनामा दिएकोमा उनले पछुतोसमेत मानेका थिए। पुस पहिलो साता सम्पन्न एकीकृत समाजवादीको स्थायी कमिटी बैठकले गौतमलाई पार्टीमा भित्र्याउने निर्णय गरेको थियो।

निर्णयपछि माधव नेपाललगायतका नेता गौतमनिवास पुगेर छलफल गरेका थिए। त्यसयता एकीकृत समाजवादीले एकता सम्बन्धमा थप छलफल गरेको छैन। शीर्ष नेताहरूलाई जिम्मा दिइएको एकीकृत समाजवादीका उपमहासचिव रामकुमार भट्टराईले बताए। 'हाम्रो बैठकले शीर्ष नेतालाई जिम्मा दिएको छ। शीर्ष नेताहरूले नै टुंग्याउनुहुन्छ। वार्ता समिति भनेर हामीले बनाएका छैनौं,' उनले भने।



नयाँ पत्रिका
www.nayapatrikadaily.com
LIC
CareEdge RATINGS NEPAL
नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED
Coco Cafe
Trishakti Security P. Ltd.
DATA CARE CENTER KATHMANDU, NEPAL
THE RISING TRADERS
CARE DENTAL & SKIN CARE CENTER PRIVATE LIMITED
Ramailo.com
INGRAM International
GlobalJob COMPLETE HR SOLUTION
KAMALA KARKI
PRESIDENT Educational Consultancy
OLI & ASSOCIATES
NEXUS WORLD EDUCATION
Global CHOICE EDUCATION for global certification
Dynamic Holdings
siec S.I.E.C EDUCATION NEPAL PVT. LTD.
Awarded International Education Pvt. Ltd.
OSM
Krish Salon Hair & Beauty
4 NATIONS INTERNATIONAL Pioneer in Education & Visa Services
IMI Int'l Management Institute of Nepal
KINGS
STARTUP EDUCATION
Murphy Education Pvt.Ltd.
Himalayan Business Group Education & Migration Services
The plan Education One Team, One Dream
AISA International Nepal Pvt. Ltd.
3BEES GROUP EDUCATION & MIGRATION
SELF APPLY CENTER
TRICKY & TIPSY
Vibe Education Achieving Excellence Together
Amani
EDUCATE INTERNATIONAL
iNSTA Insta Education and Visa Services
STUDENT WORLD
Red Cherry COFFEE
XCEL International Education
MERCY EDUCATION
COCOON EDUCATION & MIGRATION
abritti media pvt.ltd.
ITALIAN ESPRESSO ACADEMY NEPAL
NIMASA
STAR MALL
aspire for better
Putalisadak, Kathmandu
9851198344, 01-4012506
starmallktm@gmail.com

४६ प्रश्नको जवाफसहित वडाकेन्द्रित अभियानमा जाँदै एमाले

माघदेखि चैतसम्म जिल्ला, प्रदेश र जनसंगठनका नेतृत्वसँग सुझाव लिइने, केन्द्रीय कमिटी बैठक बोलाउने तयारी



● **काशीनाथ अधिकारी**, प्रमुख
एमाले संगठन विभाग

हाम्रा कमिटीहरू नियमित काममा लागेकै छन्, त्यसैले नियमित काममा समस्या भएर वडाकेन्द्रित अभियान गर्न लागिएको होइन । अझ गति बढाउने ध्येय मात्र हो । पार्टीले निर्णायक राष्ट्रिय शक्ति बनाउन जोड दिएकाले त्यसअनुसार तलका कमिटीहरूलाई पनि जोडका साथ काममा केन्द्रित गराउने उद्देश्यले मात्र अभियान गर्ने तयारी गरिएको हो ।



शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले जिल्ला, प्रदेश र जनसंगठनका नेतृत्वसँग सुझाव लिएर तीनमहिने वडाकेन्द्रित अभियान चलाउने तयारी गरेको छ । दशवटा विषयमा ४६ प्रश्नमार्फत सुझाव लिएर एमालेले आगामी सचिवालय र केन्द्रीय कमिटी बैठकबाट अभियान चलाउने निर्णय गर्ने तयारी गरेको हो ।

आगामी माघदेखि चैतसम्म चलाइने अभियानका लागि केन्द्रीय संगठन विभागले सुझावको वर्गीकरण गर्दै प्रस्तावको तयारी गरिरहेको छ । अभियानसहितका विषयमा निर्णयका लागि एमालेले १० पुसमा केन्द्रीय सचिवालय र २०-२१ पुसमा केन्द्रीय कमिटी बैठक बोलाउने तयारी गरेको छ । केन्द्रीय सदस्य तथा संगठन विभागका सचिव माधव ढुंगेलले देशभरिका कार्यकर्ताबाट केन्द्रीय कार्यशालामा मागिएको लिखित प्रतिवेदनलाई साझा रूपमा मूर्त रूप दिएर केन्द्रीय कमिटी बैठकका लागि प्रस्तावका रूपमा बुझाइने र बैठकले पारित गरेपछि अभियान पुस्तिकाका रूपमा कार्यान्वयनमा लैजाने गरी विभागको स्टेरिङ कमिटीमा छलफल चलिरहेको बताए ।

'देशभरिबाटै लिखित रूपमा मागिएको रिपोर्टमाथि अहिले संगठन विभागको स्टेरिङ कमिटीमा अध्ययन भइरहेको छ । हामी शीर्षकगत रूपमै सम्बोधन गरेर समाधानका लागि केन्द्रीय सचिवालयमार्फत केन्द्रीय कमिटीलाई प्रस्तावका रूपामा सुझाव दिन्छौं,' ढुंगेलले भने, 'प्रस्ताव पारित भएपछि अभियानसम्बन्धी अलग्गै पुस्तक तयार पारेर हामी देशव्यापी रूपमा तीनमहिने अभियानमा केन्द्रित हुन्छौं ।'

अभियानको तयारीकै सिलसिलामा एमालेको केन्द्रीय संगठन विभागले गत २९ मंसिरमा दुईदिने केन्द्रीय कार्यशाला गरेको थियो । कार्यशालाले वडाकेन्द्रित अभियानसहितको ६ बुँदे संकल्प प्रस्ताव पारित गरेको थियो । जसअनुसार निर्णयक राष्ट्रिय शक्ति निर्माणका लागि माघदेखि चैतसम्म तीनमहिने 'वडाकेन्द्रित अभियान' सञ्चालन गर्ने, आधारभूत तहसम्म कमिटी निर्माण गर्ने र सदस्यता विस्तार सँगसँगै 'जनतासँग जनसंगठन अभियान' सञ्चालन गर्ने संकल्प प्रस्ताव पास गरेको थियो । त्यस्तै, आगामी चैतभित्रै विधिसम्मत र प्रक्रियासम्मत ढंगले सदस्यता नवीकरण सम्पन्न गर्ने, ०८१ भित्रै सम्पूर्ण पार्टी सदस्यलाई अनलाइनमा ल्याउने, आगामी चैत मसान्तसम्म राष्ट्रिय युवा महोत्सवको आयोजना गर्न पार्टी केन्द्रसँग आग्रह गर्ने तथा पार्टी र नेतृत्वविरुद्ध षड्यन्त्र र कुप्रचारको जमेर प्रतिवाद गर्दै पार्टी नीति, नेतृत्व र राजनीतिक कार्यदिशालाई जनताबीच स्थापित गर्ने संकल्प प्रस्ताव पनि कार्यशालाले पास गरेको थियो ।

अभियानलाई सफल पार्न पहिले समस्या पहिचान गरेर प्रस्ताव अगाडि बढाउन एमालेले कार्यकर्तालाई दशवटा शीर्षकमा प्रश्न सोधेको थियो । तर, संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले पार्टीभित्र काममा समस्या भएर प्रश्न सोधिएको वा अभियान गर्ने निर्णय नभएको प्रस्ट्याए । आगामी ०८४ भित्र पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउने मुख्य उद्देश्य पूरा गर्न वडा र टोल तहसम्मका कमिटीलाई काममा केन्द्रित गराउन अभियान गर्न लागिएको उनको भनाइ छ ।

'हाम्रा कमिटीहरू नियमित काममा लागेकै छन्, त्यसैले नियमित काममा समस्या भएर वडाकेन्द्रित अभियान गर्न लागिएको होइन । अझ गति बढाउने ध्येय मात्र हो,' उनले भने, 'पार्टीले निर्णायक राष्ट्रिय शक्ति बनाउन जोड दिएकाले त्यसअनुसार तलका कमिटीहरूलाई पनि जोडका साथ काममा केन्द्रित गराउने उद्देश्यले मात्र अभियान गर्ने तयारी गरिएको हो ।'

अभियान घोषणाका लागि आयोजित कार्यशालामा केन्द्रीय संगठन विभागका १७ जना र नौ प्रदेश कमिटीका अध्यक्ष र सचिव, संगठन विभाग प्रमुख, उपप्रमुख, पदाधिकारी महिलासहित थप एक महिलासमेत गरी प्रदेश कमिटीबाट ४४ जना सहभागी थिए । जिल्ला कमिटी अध्यक्ष, सचिव र संगठन विभाग प्रमुखसमेत १७६ जना, २३ वटा जनसंगठनका अध्यक्ष र महासचिवसमेत ४६ जना सहभागी थिए ।

एमालेले ०८० मै पार्टी कमिटीलाई चलायमान र पुनर्जागृत गर्न मिसन ग्रासरुट र झुलाघाट-चिवाभञ्ज्याङ अभियान चलाएको थियो । अभियानलगत्तै एमालेको संगठन विभागले अहिले पाँच लाखहाराहारी रहेको पार्टी सदस्यलाई १० लाख पुऱ्याउने गरी आन्तरिक गृहकार्य गरेको छ । त्यस्तै, एमालेले केन्द्रीय कमिटीबाटै सबै वडामा प्रतिभावान् युवालाई पार्टीमा भित्र्याउने, विशेषतः महिला र युवाहरूको संख्या उल्लेख्य विस्तार गर्ने गरी सदस्यता वितरण गर्ने कार्ययोजना पास गरेको थियो ।

■ अनुशासन, गुटबन्दी, कार्यशैलीदेखि चरित्रसम्मका विषयमा प्रश्न

एमालेले देशभरका नेताहरूसँग अनेक प्रश्न सोधेको थियो । जसअनुसार पहिलो विषय पार्टी सदस्यसँग सम्बन्धित ६ वटा प्रश्न सोधिएका थिए । कुल मतदाताको ६ प्रतिशत सदस्य कसरी पुऱ्याउने, युवा र महिलाको सदस्यता बढाउने के गर्ने, आगामी चैतभित्र सदस्यता नवीकरण कसरी गर्ने, सदस्यताको अनलाइन अभिलेखीकरणमा के कठिनाइ छ, कसरी भरपूर एप्स प्रयोग गर्ने बनाउने, कस्ता पाठ्यक्रमबाट सबै सदस्यलाई प्रशिक्षित गर्ने, सबैलाई जिम्मेवारी दिएर कसरी परिचालन गर्नेजस्ता प्रश्न सोधिएका थिए ।

त्यस्तै, कमिटीसँग सम्बन्धित सातवटा प्रश्नमा अधिवेशनलाई कसरी पार्टी निर्माणको थलो बनाउने ? नियमित बैठक र निर्णयक कार्यान्वयनका समस्या, व्यक्ति कमिटीप्रति जवाफदेही नहुने समस्या, टोल कमिटी निर्माण र परिचालनको समस्याका विषय सोधिएका थिए । त्यस्तै, पार्टी अनुशासन र पद्धतिसँग सम्बन्धित अनुशासन पालनामा सदस्यलाई गम्भीर बनाउन देखिएका समस्या, पार्टी कामको अनुगमन तथा मूल्यांकनसँग सम्बन्धित कमिटी र व्यक्तिको मूल्यांकन तथ्यपरक र वस्तुनिष्ठ बनाउने तरिका, व्यक्तिको मूल्यांकन र जिम्मेवारी, कामको अनुगमनसँग सम्बन्धित प्रश्न सोधिएका थिए ।

त्यस्तै, असन्तुष्टि, अन्तर्विरोधसँग सम्बन्धित प्रश्नहरूमा कमिटीभित्र उत्पन्न हुने मनमुटाव, अन्तर्विरोध र गुटबन्दीलाई कसरी बुझ्ने र वर्गीकरण गर्ने, शीघ्र समाधानका प्रभावकारी उपाय के-के हुन सक्छ, आन्तरिक समस्या समाधानमा सम्बन्धित कमिटीका इन्चार्जले कस्तो भूमिका खेल्नुपर्ला, कार्यशैली, जीवनशैली र आचारणसँग सम्बन्धित आर्थिक आचरण र चारित्रिक आचरणमा गल्ती गर्नेलाई कसरी कारबाहीको दायरामा ल्याउन सकिएला, नेता-कार्यकर्ता र सदस्यको जीवनशैली र कार्यशैलीलाई कसरी जनप्रिय बनाउन सकिएलाजस्ता प्रश्न सोधिएका थिए ।

आर्थिक-सामाजिक रूपान्तरण र जनचासोका विषयसँग सम्बन्धित पार्टी कमिटीले विकास निर्माण र जनताको ज्वलन्त समस्यालाई कसरी कार्यसूचीका विषय, जनप्रतिनिधिको भूमिका प्रभावकारी बनाउनेसँग सम्बन्धित विषय, जनसंगठनको कामसँग सम्बन्धित तल्लो तहमा अपेक्षित काम जनसंगठनले गर्न नसक्नुको कारण, पार्टीलाई जरैदेखि बलियो बनाउने के गर्ने, वडामा सम्भावना बोकेका युवाहरूको रोस्टर उतार्ने र युवा नेतृत्व विकासका लागि योजनाबद्ध प्रशिक्षण चलाउने धेरै अघिदेखिको पार्टी केन्द्रको निर्देशनको कार्यान्वयन कसरी गर्नेजस्ता विषय पनि प्रश्नहरूमा समेटिएका थिए ।

१६ वटा जनसंगठनको राष्ट्रिय महाधिवेशन गराउने 'वार्मअप'

काठमाडौं/ एमालेले कार्यकाल गुजार्दै गरेका १६ वटा जनवर्गीय संगठनको महाधिवेशन आगामी वैशाखभित्र सम्पन्न गराउने तयारी सुरु गरेको छ । जनवर्गीय संगठनलाई पार्टी केन्द्रीय कार्यालयमा बोलाएर निर्देशन दिँदै एमालेले वैशाखभित्र महाधिवेशन गराउन निर्देशन दिएको हो । एमालेका २३ वटा जनवर्गीय संगठनको कार्यकाल तीन वर्ष हुने गर्छ । तीमध्ये ०७८ मा राष्ट्रिय महाधिवेशन सम्पन्न गरेका अनेरास्ववियु, राष्ट्रिय युवा संघ नेपाल र प्रेस चौतारी नेपालसहित १६ वटा जनवर्गीय संगठनको कार्यकाल ०८१ भित्र सकिँदै छ ।

गत आइतबार केन्द्रीय कार्यालयमा पार्टी महासचिव शंकर पोखरेलको उपस्थितिमा सबै जनसंगठनका इन्चार्ज र अध्यक्षको संयुक्त बैठक आयोजना गरेर मोर्चा संगठनले अधिवेशनको मिति प्रस्ताव गर्न निर्देशन दिएको थियो । केन्द्रीय सदस्य तथा मोर्चा संगठनकी सदस्य रचना खड् काले महासचिव पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न बैठकले आगामी वैशाखभित्र १६ वटा जनवर्गीय संगठनले अधिवेशन सम्पन्न गर्नुपर्ने निर्णय गरेको बताइन् ।

'०७८ मा अधिवेशन भएर कार्यकाल गुजार्दै गरेका १६ वटा जनसंगठनले वैशाखभित्र अधिवेशन गर्नुपर्ने मोर्चा संगठनको बैठकबाट निर्णय गरिएको छ,' उनले भनिन्, 'कतिपय जनसंगठनले बैठकमै अधिवेशनको मिति प्रस्ताव गर्नुभएको छ भने कतिपयले छिट्टै बैठक राखेर निर्णय गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।' उनले जनसंगठनलाई गतिशील र पुनर्व्यवस्थित गर्ने पार्टी नीति र नियमित कामअन्तर्गत नै अधिवेशन आयोजना हुने गरी तयारी अगाडि बढाइएको समेत जानकारी दिइन् ।

मोर्चा संगठनका संयोजक स्थायी कमिटी सदस्य भानुभक्त ढकालले कार्यकाल गुजार्दै गरेका जनसंगठनले अधिवेशनको मिति तय नगरे हस्तक्षेप हुन सक्ने सन्देश दिएका थिए । 'कार्यकाल गुजार्दै गरेका जनसंगठनले विधानअनुसार आगामी वैशाखभित्र महाधिवेशन गरिसक्नुपर्छ, गर्नुभएन भने हामीले नै आयोजक कमिटी बनाउनुपर्ने पनि हुन सक्छ, त्यस्तो अवस्था आउने गरी पार्टीलाई बाध्य नपार्नुहोला,' उनको भनाइ थियो ।

सबै जनसंगठनलाई पार्टीले आगामी माघदेखि चैतसम्मका लागि अगाडि सारेको वडाकेन्द्रित अभियानमा सक्रिय बन्न, अधिवेशन तयारीलाई सदस्यता विस्तार र सामुदायिक मुद्दाको पहिचान र सम्बोधनका लागि सक्रिय पहलकदमी लिनसमेत महासचिव पोखरेलले निर्देशन दिएका छन् ।

■ वैशाखभित्र अधिवेशन गर्न निर्देशन दिइएका जनसंगठन

राष्ट्रिय युवा संघ, अनेरास्ववियु, प्रेस चौतारी नेपाल, मानव अधिकार तथा सामाजिक न्याय मञ्च, राष्ट्रिय जनसांस्कृतिक महासंघ, नेपाल, प्रोगेसिभ इन्जिनियर्स एसोसिएसन नेपाल, प्रगतिशील तथा पेसागत कानुन व्यवसायी संगठन, नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी संगठन, भूमि अधिकार तथा श्रमिक संगठन, नेपाल बुद्धिजीवी परिषद्, राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ, नेपाल उद्योग तथा व्यवसायी महासंघ, नेपाल उत्पीडित जातीय मुक्ति समाज, राष्ट्रिय अपांगता संगठन, नेपाल मुस्लिम इत्तेहाद संगठन, रिटर्नी फेडेरेसन नेपाल ।

■ अर्को वर्ष अधिवेशन हुने जनसंगठन

अनेमसंघ, अखिल नेपाल किसान महासंघ, अखिल नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट), लोकतान्त्रिक आदिवासी जनजाति महासंघ, नेपाल खेलकुद महासंघ, अखिल नेपाल पिछडा वर्ग महासंघ, पेसागत महासंघ नेपाल ।

संक्षेप

संविधान संशोधनबारे छलफल प्रारम्भ हुन्छ : गृहमन्त्री



काठमाडौं/ गृहमन्त्री रमेश लेखकले चरणबद्ध छलफलपछि सहमतिका आधारमा संविधान संशोधन हुने बताएका छन् । राष्ट्रिय दलित समाज कल्याण संघको कार्यक्रममा मंगलबार उनले संविधान संशोधन केही दिनमा हुने विषय नभएको बताए । संविधानको १० वर्षे अभ्यासको समीक्षा गरी सबै दलसँगको सहमतिमा मात्रै संशोधन गरिने उनको भनाइ छ । गृहमन्त्री लेखकले संविधान संशोधनले समावेशितालाई कमजोर बनाउने नभई थप सुदृढ गर्ने दाबी गरे । 'हामी छलफल प्रारम्भ गर्छौं, संविधानको समीक्षा गर्छौं, विषयवस्तुको पहिचान गर्छौं, चरणबद्ध रूपमा यसलाई अघि बढाउँछौं,' उनले भने, 'सबैभन्दा पहिले संविधानको १० वर्षको अभ्यासको समीक्षा गर्छौं । अर्को चरणमा विषयहरूको पहिचान गर्छौं । त्यसपछि सबै दलहरूसँग वार्ता र संवाद गर्छौं र विषयवस्तुमा सहमति गरेर मात्रै संविधान संशोधन हुन्छ ।'

परामर्श केन्द्रलाई विकृति नफैलाउन आग्रह

काठमाडौं/ शिक्षा मन्त्रालयले शैक्षिक परामर्श निकायलाई समाजमा भ्रम तथा विकृति छर्ने गरी सन्देश प्रवाह नगर्न ध्यानाकर्षण गराएको छ । केही कन्सलटेन्सीले नेपालमा केही छैन, विदेश नै जानुपर्छ भन्ने किसिमको दुष्प्रचार हुने गरी प्रचारप्रसार गरेको भन्दै यस्तो गतिविधिमा रोक लगाएको छ । मन्त्रालयको शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखाले मंगलबार विज्ञप्ति जारी गर्दै गलत अर्थ तथा सन्देश प्रवाह हुने गरी प्रचारप्रसार गर्न रोक लगाएको छ । मन्त्रालयले शैक्षिक परामर्श निकायले यसो गरेको पाइएमा यससम्बन्धी निर्देशिकाअनुसार कारबाही गर्ने चेतावनीसमेत दिएको छ । 'समाजमा विसंगति तथा विकृति सिर्जना गर्न खोजेको देखिने साथै नेपालमा केही पनि गर्न सकिँदैन भन्नेजस्तो सन्देश प्रवाह हुने गरी प्रचारप्रसार भएको पाइएको र विभिन्न माध्यमबाट गुनासा आएको अवस्था रहेकाले अनिवार्य रूपमा निर्देशित सर्त पालना गर्न गराउन सूचित गरिन्छ,' विज्ञप्तिमा भनिएको छ ।

राप्रपाले सरकारको भन्डाफोर गर्ने

काठमाडौं/ राप्रपाले गठन भएको ६ महिनामै सरकार असफल भएको निष्कर्षसहित देशैभरि भन्डाफोर र विरोधसभा आयोजना गर्ने भएको छ । पार्टी केन्द्रीय कार्यसम्पादन समितिको मंगलबारको बैठकले सरकारको आलोचना गर्दै ठुला दुई दलको गठबन्धनले जनजीविका, अर्थतन्त्र, विदेश नीतिमा सकारात्मक काम गर्न नसकेको निष्कर्ष निकालेको छ । 'हामीले सरकार र देशको परिस्थितिको समीक्षा गरेका छौं । कांग्रेस, एमालेजस्ता ठुला पार्टी मिलेर बनेको सरकारले जनतामा आशा जगाउन सकेन, जनजीविकाको मुद्दा सम्बोधन गर्न सकेन । अर्थतन्त्र चलायमान हुन सकेन,' राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले भने, 'सरकारको गलत वैदेशिक नीतिका कारण देश भूराजनीतिक चक्रव्यूहमा फस्न सक्ने खतरा बढ्न थालेको छ ।' भ्रष्टाचार संस्थागत भएको राप्रपाको निष्कर्ष छ । आन्दोलनको तयारीका लागि सरकारविरुद्ध भन्डाफोर गर्ने निर्णय भएको राप्रपाले जनाएको छ ।

गाउँमै गर्भवती महिलाको एक्सरे, सुत्केरीलाई कोसेली झोला

रामेछाप/ मातृ तथा शिशु मृत्युदरलाई शून्यमा झार्न रामेछाप नगरपालिकाले नगरभित्र रहेका गर्भवती महिलालाई लक्षित गरी निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गर्दै आएको छ । नगरपालिकाले नौवटै वडामा पुगी गर्भवती महिलाको पेटमा भएको बच्चाको अवस्थाबारे जानकारी लिने र सुत्केरी तथा नवजात शिशुलाई कोसेली झोला वितरण गरेको छ । अभियानअन्तर्गत नगरपालिकाका सबै वडामा भिडियो एक्स-रे सेवा, पोषणयुक्त खानेकुरा वितरणसहित स्वास्थ्य सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको हो । ग्रामीण भेगका महिलामा स्वास्थ्य संस्थामा गएर सुरक्षित तरिकाले सुत्केरी गराउनुपर्छ र पौष्टिक खानेकुरा खानुपर्छ भन्ने सन्देश दिन यो कार्यक्रम प्रभावकारी हुँदै गएको रामेछाप नगरपालिकाका जनस्वास्थ्य निरीक्षक रामशरण पौडेलले बताए ।

सर्वोच्चले माग्यो सहकारी समस्यासम्बन्धी कागजात

नयाँ पत्रिका

सर्वोच्च अदालतले सहकारी समस्या समाधानसम्बन्धी कागजात झिकाउन आदेश दिएको छ । वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारीसमेत नौजनाले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै आइतबार न्यायाधीशद्वय कुमार रेग्मी र नित्यानन्द पाण्डेयको इजलासले सहकारीसँग जोडिएका सरकारी निकायका उच्चपदस्थ अधिकारीलाई पनि उपस्थित गराउने आदेश गरेको हो । सर्वोच्चले ४ माघअघि नै महान्यायाधिवक्ताको कार्यालयमार्फत केही कागजात झिकाउन भनेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहकारी हेर्ने सचिव, अर्थ मन्त्रालयका साथै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिवलाई सर्वोच्चले उपस्थित हुन भनेको छ । साथै, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवलाई पनि अदालतमा बोलाएको छ । नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक, सहकारी विभागका रजिस्ट्रार र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयका सदस्यसचिवलाई समेत पेसीका दिन स्वयं उपस्थित हुन भनिएको छ । उनीहरूसँग 'रिट निवेदकले उठाएको विषय, सहकारी संस्थामा देखिएको समस्या समाधानका लागि भए-गरेका कामकारबाही र भविष्यमा गर्नुपर्ने व्यवस्थाका सम्बन्धमा भएको योजना, नीति तथा कार्यक्रमबारे' छलफल गरिने आदेशमा उल्लेख छ ।



कुमार रेग्मी



नित्यानन्द पाण्डेय

सो रिटलाई सर्वोच्चले हेर्दाहिँदैमा राखेर सुनुवाइ गरिरहेको छ । भण्डारीसमेतले दायर गरेको रिटमा न्यायाधीश महेश शर्मा पौडेलको इजलासले गत १४ कात्तिकमै अग्राधिकार र कारण देखाऊ आदेश जारी गरेको थियो, तर अन्तरिम आदेश दिएको थिएन । १० लाख रुपैयाँसम्म बचत भएकालाई तत्काल निसर्त भुक्तानीको व्यवस्था मिलाउन निवेदकले अन्तरिम आदेश माग गरेका थिए । रिटमा निवेदकले सहकारीपीडितले रकम फिर्ता नपाउँदा स्वास्थ्य र दैनिक जीवनयापनमा कठिनाइ आएका कारण सहकारीपीडित कोष खडा गरी सरकारले रकम विनियोजन गर्नुपर्ने तथा चरणगत रूपमा पीडितको रकम फिर्ता गराउनुपर्ने माग गरेका छन् ।

'गैरकानुनी रूपमा सहकारी ऐन तथा नियमावलीसमेत विपरीत लगानी गर्ने, ऋण नतिर्ने ऋणी र संलग्न व्यक्तिसमेतलाई कानुनी दायरामा ल्याएर कानुनबमोजिम कारबाही गर्नू । सो विषयमा छानबिन गर्न र कानुनी दायरामा ल्याउन कुनै पनि किसिमको विभेद वा संरक्षण नगर्नू, नगराउनू,' रिट निवेदकको माग थियो । रिटमा प्रधानमन्त्रीको कार्यालय, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयलगायतलाई विपक्षी बनाइएको छ । १० लाखसम्म निक्षेप भएकाहरूको रकम तत्कालै फिर्ता दिन, सरकारले नै जिम्मेवारी लिएर निक्षेपकर्ताको रकम फिर्ता गराउनुपर्नेजस्ता माग निवेदकका छन् ।

प्रभावकारी र शक्तिशाली सहकारी समस्या समाधान आयोग गठन गरी सहकारीसम्बद्ध सबै निकायलाई त्यसैमातहत ल्याउन माग गरिएको छ । सहकारीको रकम अपचलनमा संलग्न सबैको सम्पत्ति रोक्का गर्न र बचतकर्ताको रकम ती सम्पत्तिबाट असुलउपर गर्न निवेदकहरूले माग गरेका छन् । यिनै विषयलाई सम्बोधन गर्दै सर्वोच्चले दिएको आदेशमा भनिएको छ, 'सहकारी संस्थामा हाल देखिएका समस्या समाधानार्थ नयाँ कानुन तर्जुमा र विद्यमान कानुनमा संशोधन गर्नुपर्ने अवस्था भए सो सम्बन्धमा भए-गरेका कार्यहरूको प्रगति विवरण विपक्षीहरू भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिल मन्त्रालयबाट झिकाउनू ।' संसदीय छानबिन विशेष समितिबाट तयार भएको छानबिन प्रतिवेदन कार्यान्वयनका लागि भए गरेका काम-कारबाहीको विवरण पनि सहकारी मन्त्रालयबाट झिकाउने आदेश भएको छ ।

सूर्यदर्शन सहकारी ठगी आरोपमा एमाले नेतृ गुरुङ पक्राउ



कास्की/ सूर्यदर्शन सहकारीको रकम ठगी एवं अपचलनको आरोपमा एमाले नेतृ एवं गण्डकी प्रदेश सभाकी पूर्वसदस्य मीना गुरुङ पक्राउ परेकी छिन् । एमालेनिकट मजदुर संगठन जिफन्टमा लामो समय काम गरेकी पोखरा महानगरपालिका- १२ रानीपौवाकी ६३ वर्षीया गुरुङ फरार सूचीमा थिइन् । जिफन्टकी पूर्वउपाध्यक्षसमेत रहेकी उनलाई प्रहरीले मंगलबार आफ्नै निवासबाट पक्राउ गरेको हो ।

गुरुङलाई बिहीबार जिल्ला अदालत कास्कीमा पेस गरिने कास्की प्रहरी प्रवक्ता वसन्तकुमार शर्माले जानकारी दिए । उनलाई सहकारी ठगीको अभियोग लगाइएको छ । सहकारी ठगी सम्बन्धमा आइतबार अभियोगपत्र दर्ता भएका ४४ जनामध्ये एमाले नेतृ गुरुङसमेत थिइन् । सहकारीको स्थापना कालमा तत्कालीन तदर्थ समितिको सदस्य र पछि सञ्चालक समितिको उपाध्यक्ष भई काम गरेकी गुरुङ ०७४ मा गण्डकी प्रदेश सभामा समानुपातिक निर्वाचन प्रणालीमार्फत निर्वाचित भएकी थिइन् । ०७९ को निर्वाचनमा भने उनी कास्की २ (ख) बाट पराजित भएकी थिइन् । उनी लामो समयदेखि सौन्दर्य व्यवसायमा आबद्ध छिन् ।

मधेशमा बढे हत्या, हिंसा र लुटपाटका घटना

बारामा **इन्दीप कोइराला**

गत १० कात्तिकमा महागढीमाई नगरपालिका-१ का श्रीनारायण यादवको खुकुरी प्रहार गरी हत्या भयो । प्रहरी अनुसन्धानले हत्याका आरोपी सोथाइ चौधरीलाई नियन्त्रणमा लियो । चौधरी मृतक यादवकै गाउँले रहेको प्रहरी छानबिनमा देखिएको छ । चौधरी अहिले जिल्ला प्रहरी बाराको हिरासतमा छन्, उनीमाथि कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता भएको छ ।

गत १२ कात्तिकमा बीभत्स हत्या गरिएको अवस्थामा महोत्तरीको पिपरा गाउँपालिका- ७ स्थित दनौलीमा २६ वर्षीय मालती मण्डलको शव फेला परेको थियो । यसबारे अहिलेसम्म कुनै नयाँ तथ्य फेला परेको छैन ।

गत ६ पुसमा बाराको जितपुर सिमरा उपमहानगरपालिका- ११ अमाडरमा सिमरा विमानस्थलको विमान सुरक्षा दलका प्रहरी राजकुमार रुम्बाको गोली प्रहार गरी हत्या भएको अवस्थामा कारभित्र शव फेला परेको थियो । उनको हत्या कसले किन गरेको हो भन्ने अहिलेसम्म खुलेको छैन ।

६ पुसमै महोत्तरीको साढामा हतियारधारी डाँका समूहको आक्रमणबाट मनरासिसवा नगरपालिका- ४ साढामा पूर्ववडासचिव सुशील झाको हत्या भयो । झाको हत्यापछि डाँका समूहले घरमा रहेको सुनको गरगहना र नगद ८० हजार रुपैयाँसमेत लुटेर लगेको थियो । प्रतिकार गर्न खोज्दा उनको हत्या भएको थियो ।



मधेश प्रदेशमा पछिल्लो चार महिनामा दुई दर्जनभन्दा बढी हत्या हिंसाका घटना भएका छन् । मधेश प्रहरी कार्यालयको तथ्यांकअनुसार हरेक महिना कम्तीमा ६ जनाको हत्या भइरहेको छ । मधेश प्रदेशका आठवटै जिल्लामा दुई नाबालकसहित २७ जनाको हत्या भएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ । घटनामा प्रहरीले हत्या आरोपित ३४ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमध्ये २३ पुरुष र ११ महिला छन् ।

मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक लालमणि आचार्यले कर्तव्य ज्यान मुद्दाका ३४ जना आरोपितलाई पक्राउ गरिएको बताए । शृंखलाबद्ध रूपमा हत्या र अपराधका घटना भइरहे पनि प्रहरीले कुनै ठोस योजना बनाउन सकेको छैन ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेशमा भइरहेको हत्या, हिंसा तथा लुटपाटका घटनाबाट आफू चिन्तित भएको बताए । प्रदेशको मातहतमा प्रहरी नभएकाले नेपाल प्रहरीलाई आग्रह गर्नेबाहेक अन्य विकल्प प्रदेश सरकारसँग नरहेको उनको गुनासो छ । 'हामीसँग सुरक्षाको कुनै संयन्त्र छैन, प्रहरीलाई आग्रह गर्ने मात्र काम भइरहेको छ,' सिंहले नयाँ पत्रिकासँग भने, 'मधेश प्रदेशका सबै नागरिकको सुरक्षाको जिम्मा हामीले लिनुपर्छ । स्थानीय तहमा बरु नगर प्रहरी छ, तर प्रदेश सरकारसँग छैन । मूकदर्शक भएर हेर्नेबाहेकको विकल्प छैन ।'

मर्निङ वाकमा निस्किएकी महिला बाँसको झाङमा हातखुट्टा बाँधेको अवस्थामा फेला

विराटनगर/ मर्निङ वाकमा निस्किएकी एक महिला मोरङको कटहरी गाउँपालिकास्थित बाँसको झाङमा हातखुट्टा बाँधिएको र मुखमा टेप लगाएको अवस्थामा फेला परेकी छिन् । मंगलबार बिहान हिँड्दुल गर्न भनेर निस्किएकी मोरङको जहदाकी २२ वर्षीया महिला कटहरी- २ मा पर्ने धानखेतको बिचमा रहेको बाँसको झाङमा हातखुट्टा बाँधिएको र मुखमा टेप लगाएको अवस्थामा फेला परेकी हुन् । उनलाई दिउँसो १२ बजे खेतमा पराल लिन गएका महिलाले अर्धचेत अवस्थामा देखेपछि गाउँलेलाई खबर गरेका थिए । त्यसपछि प्रहरीले घटनास्थल पुगेर बाँधिएको हातखुट्टा र मुखको पट्टी खोलेर उपचारका लागि अस्पताल पुऱ्याएको थियो । मोरङ प्रहरी प्रवक्ता डिएसपी वेदप्रकाश जोशीका अनुसार दुई सन्तानकी आमासमेत रहेकी उनी जहदा गाउँपालिकास्थित माइती घरमा बस्दै आएकी थिइन् । उनको विराटनगरस्थित कोशी अस्पतालमा उपचार भइरहेको छ ।

प्रारम्भिक बयानमा उनले आफूमाथि सामूहिक बलात्कार भएको बताएकी छिन् । पीडितको स्वास्थ्य र मानसिक अवस्था गम्भीर रहेकाले चिकित्सकीय परीक्षण भइसकेको छैन । उनले दिएको हुलियाअनुसार प्रहरीले सामूहिक बलात्कारमा संलग्न भनिएकाको खोजी तीव्र बनाएको छ । डिएसपी जोशीका अनुसार पीडितको अवस्थामा क्रमिक सुधार भइरहेको र उनलाई मनोविमर्शकर्ताले सेवा प्रदान गरिरहेका छन् । घटना गम्भीर प्रकारको रहेकाले चिकित्सकीय परीक्षणपछि मात्र उनीमाथि सामूहिक बलात्कार भएको हो-होइन यकिन गर्न सकिने बताए । 'डाक्टरको रिपोर्टपछि मात्र के कसरी बलात्कार भएको हो-होइन, यकिन हुन्छ । प्रहरीले उनको बयानका आधारमा संलग्नको खोजीकार्य तीव्र पारेको छ,' उनले भने ।

संक्रमणकालीन न्यायमा विलम्ब किन ?

संक्रमणकालीन न्यायसँग सम्बन्धित आयोगका पदाधिकारीमा नाम सिफारिस हुन नसक्नुले मुलुकमा संक्रमण थप लम्बिने वा पछि धकेलिने चिन्ता बढेको छ



● विनोदमोहन आचार्य

अग्रलेख

संक्रमणकालीन न्यायसम्बन्धी मौजुदा कानुन अर्थात् बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा गत भदौमा भएको तेस्रो संशोधनलगत्तै गत कात्तिक २ गते नेपाल सरकारद्वारा सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा सो ऐनअनुरूपका दुई आयोगमा अध्यक्षलगायत पदाधिकारी नियुक्तिका लागि नाम सिफारिस गर्न भनी पाँच सदस्यीय एक सिफारिस समिति गठन गरिएको थियो । कार्यविधि दुई महिना मात्र तोकिएको समिति कार्य सम्पादन गर्दागर्दै कार्यावधि सकिएका कारण स्वतः विघटन भयो । परिणामतः दुवै आयोग गठन गर्ने मार्ग अवरुद्ध भयो ।

मिश्र नेतृत्वको सिफारिस समितिका पदाधिकारीबिच आयोग अध्यक्ष एवं सदस्यका नाममा किन सहमति जुट्न सकेन त भन्ने सम्बन्धमा सबैका आ-आफ्ना बुझाइ होलान् । यसरी सो समितिले अन्तिम समयमा आएर नाम सिफारिस गर्न नसक्नुका पछाडि अन्तर्य पक्कै केही होला । जे होस्, सो प्रक्रियाले आकार ग्रहण गर्न नसक्दा मुलुकमा संक्रमण अरू लम्बिने वा अरू पछि धकेलिने भयो भनी राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा चासो, सरोकार व्यक्त गरिनु अस्वाभाविक होइन ।

संक्रमणकालीन न्यायको अवधारणा : मानवधिकार भन्ने शब्द मानव जीवनसँग मात्र सम्बन्धित नभएर मानिस मात्रको स्वतन्त्रता, स्वाभिमान एवं इज्जत प्रतिष्ठासँग पनि यो विषय उत्तिकै सम्बन्धित छ । त्यसैले मानवाधिकार वा सोसँग सम्बन्धित कानुनको गम्भीर उल्लंघनका घटनाप्रति सबैको चासो रहेको हो ।

द्वन्द्वोत्तर मुलुकमा विगतका द्वन्द्वका क्रममा घटित हत्या, हिंसा वा ज्यादतीबाट मानवाधिकार एवं मानवीय कानुनको गम्भीर उल्लंघनका घटनाको निष्पक्ष छानबिन र अन्वेषण गरी सत्यतथ्य उजागर गर्ने, पीडक एवं पीडितको पहिचान गर्ने, पीडितलाई न्याय प्रदान गर्दै उनीहरूको आँसु पुछ्दै उनीहरूमा बल्झिएको पीडाको घाउमा मलमपट्टी लगाउने, पीडकलाई कानुनी कारबाहीको दायरामा ल्याई समाजमा दण्डहीनता अन्त्य गरिनुपर्छ भन्ने मान्यतामा अन्तर्राष्ट्रिय जगत्मा एकैखाले मत पाइन्छ । यही मान्यताको जगमा आजभन्दा करिब ४० वर्षअघिदेखि संक्रमणकालीन न्यायसम्बन्धी अवधारणाको विकास भएको देखिन्छ ।

संक्रमणकालीन न्यायसम्बन्धी विषय अत्यन्तै नयाँ मात्र नभई यो एक जटिल प्राविधिक एवं संवेदनशील विषय पनि हो । द्वन्द्वकालमा भएका घटना वा ज्यादतीसम्बन्धी सत्यको खोजी वा उत्खनन् गरी सोको यथार्थ उजागर गरेर अभिलेखीकरण गर्ने, बेपत्ता पारिएका व्यक्तिको स्थिति सार्वजनिक गर्ने, द्वन्द्वपीडितलाई राहतसहित न्याय प्रदान गर्ने, पीडक एवं राज्यका तर्फबाट पीडितलाई यथोचित आर्थिक सहयोग पुर्‍याई पीडकलाई पीडितबाट क्षमादान गर्न लगाउने, घटना पुनः दोहोरिन नदिने सुनिश्चितता गर्ने, राष्ट्रिय मेलमिलापको वातावरण सिर्जना गर्नेलगायत महत्त्वपूर्ण कार्य संक्रमणकालीन न्यायका मूल्य-मान्यताअन्तर्गत पर्ने विषय हुन् । जुन कुरा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग एवं सत्य निरुपण तथा मेलमिलाप आयोगका कार्यक्षेत्रभित्र पर्ने विषय हुन् । संक्रमणकालीन न्यायको मुख्य सार भनेको पुनर्स्थापकीय न्याय पनि हो । खासगरी द्वन्द्वबाट सिर्जित घटना वा कुचक्रमा पिल्सिएका ती द्वन्द्वपीडितलाई केन्द्रविन्दुमा राखी उनीहरूको घाउमा मलमपट्टी लगाउने प्रक्रिया नै पुनर्स्थापकीय न्याय हो ।

द्वन्द्वोत्तर मुलुकमा स्थायी शान्ति एवं दिगो विकास सरकारका प्राथमिक विषय हुन्, जसका लागि दण्डहीनता अन्त्य एवं कानुनी शासनको प्रत्याभूति अनिवार्य सर्त हुन् । अतः उल्लिखित विविध पाटोको सम्बोधनका लागि विश्वमा सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता आयोग, न्यायाधीकरण गठन, अन्तर्राष्ट्रिय संघसंस्थाबाट मध्यस्थता गर्ने आदि प्रचलन रहिआएको पाइन्छ । विश्वका कतिपय द्वन्द्वोत्तर मुलुकमा विगतका दशकमा भए गरिएका यस्ता अभ्यासबाट संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुर्‍याउन महत्त्वपूर्ण सफलता मिलेका कैयौँ उदाहरण छन् ।

अन्तर्राष्ट्रिय अभ्यास : सन् १९८०–१९९० को दशकतिर दक्षिण अफ्रिका, सियरालियोन, रुवान्डा, इक्वेडर, पनामा, घाना, उरुग्वे, बेलिभिया, एल साल्भाडोर, अर्जेन्टिनालगायत द्वन्द्वोत्तर मुलुकमा सत्य आयोग वा न्यायाधीकरण गठनको अभ्यास गरिएको पाइन्छ । यी मुलुकमा गृहयुद्ध हुन वा द्वन्द्व चर्किनुका कारणमा विशेषगरी सत्ता विद्रोह, जातीय भेदभाव वा जातीय दंगा, राज्यबाट विभेदपूर्ण व्यवहार, पहिचान वा स्वायत्ततालगायत सवाल रहेको पाइन्छ । रुवान्डामा सन् १९९४ ताका 'हुतु' र 'तुत्सी'बीच जातीय दंगा मच्चियो । तीन महिनाकै अवधिमा करिब दश लाख मानिस मारिए । कैयौँ बेपत्ता पारिए । सो द्वन्द्वपश्चात् अन्तर्राष्ट्रिय मध्यस्थतामा शान्ति वार्ता भई संक्रमणकालीन न्यायको सम्बोधन गरियो । भविष्यमा त्यस्तो घटना दोहोरिन नपाओस् भनेर त्यहाँका नागरिकले आफ्नो नाम लेख्दा या सम्बोधन गर्दा थर उल्लेख गर्न नपाउनेसमेतका नीति सरकारले अंगीकार गर्‍यो ।

नेपालको सुस्त संक्रमणकालीन न्याय : नेपालमा ०५० को दशकमा जारी दशवर्षे गृहयुद्धमा घटित मानव अधिकार एवं मानवताविरुद्धको गम्भीर उल्लंघनका घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउने प्रतिबद्धता राज्यपक्ष र सशस्त्र विद्रोही पक्ष नेकपा माओवादीका शीर्षस्थ नेताबिच ०६३ मंसिरमा भएको विस्तृत शान्ति सम्झौतामा व्यक्त गरिएको छ । ढिलै भए पनि यसैको जगमा टेकेर ०७१ वैशाखमा बेपत्ता पारिएका व्यक्तिको छानबिन गर्न सत्य निरुपण तथा छानबिन आयोग ऐन जारी गरेर राज्यले संक्रमणकालीन न्याय व्यवस्थापनको शृंखला विधिवत् आरम्भ गरेको थियो ।



सो ऐनको निर्देशबमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गरी दुई छुट्टाछुट्टै आयोग गठन गरियो । यसमध्ये एउटा आयोग बिचैमा सुस्तायो । अर्कोले पूरै अवधि काम त गर्‍यो, तर तत्कालीन सरकारबाट सहयोग पाउन नसकेको गुनासा सुनिए । आयोगका पदाधिकारीको म्याद थप पनि भएन र अर्को आयोग गठनको गृहकार्य पनि हुन सकेन । यसरी विगत तीन-चार वर्षयता दुवै आयोग पदाधिकारीविहीन हुन पुग्दा सत्र वर्षअघिदेखिको संक्रमणकालीन न्याय प्रक्रिया न हाँसको चाल न कुखुराको चालझैँ बेवारिसे बन्न पुगेको सन्देश प्रवाह भयो ।

संक्रमणकालीन न्याय लामो समयसम्म अवरुद्ध हुन पुग्दा अथवा संक्रमणकाल थप लम्बिँदा द्वन्द्वपीडित वा निजका परिवारजन थप प्रताडित हुने र पीडामाथि पीडा झेल्न बाध्य हुने अवस्था सिर्जना हुन्छ । यतिखेर सो द्वन्द्वमा मारिएका वा बेपत्ता पारिएका व्यक्तिका परिवारजनका लागि परिपूरणसहितको न्याय कहिले त ? ती दुवै आयोगमा चाङ लागेर बसेका झन्डै ६५ हजार उजुरीको टुंगो कहिले लगाउने त ? भन्ने प्रश्न उठिरहेको स्थिति छ भने अर्कातिर मारिएका वा बेपत्ता पारिएकामध्ये कतिपयका अंश भाग सम्पत्ति नामसारी गर्न वा परिवारले बेचबिखन गर्नसमेत पाएको अवस्था छैन । उनीहरूको परिवारले आफ्नो कुल, धर्म, परम्पराअनुसार संस्कार वा काजक्रिया गर्न, जसको चीर स्मृतिमा कुनै योगदान गर्नसमेत पाएका छैनन् । परिपूरणको सवाल त झन् परैको विषय भयो ।

> संक्रमणकालीन न्याय लामो समयसम्म अवरुद्ध हुँदा अथवा संक्रमणकाल थप लम्बिँदा द्वन्द्वपीडित वा निजका परिवारजन थप प्रताडित हुने र पीडामाथि पीडा झेल्न बाध्य हुने अवस्था सिर्जना हुन्छ

वर्तमान सरकारको चासो : संक्रमणकालीन न्यायसम्बन्धी कानुन अर्थात् बेपत्ता पारिएका व्यक्तिको छानबिन एवं सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई पीडितमैत्री एवं समयसापेक्ष तुल्याउन केही महिनाअघि मात्र यसमा तेस्रो संशोधन गरियो । जुन वर्तमान गठबन्धन सरकारको र प्रमुख दलहरूको सक्रियता तथा चासोका कारण सम्भव भएको हो ।

ऐनको तेस्रो संशोधनलगत्तै वर्तमान सरकारले पाँच सदस्यीय सिफारिस समिति गठन गरेर दुईवटै आयोगका अध्यक्ष एवं सदस्यको नाम सिफारिस गर्ने कार्यादेश पनि दिएकै हो । समितिले पनि ती दुवै आयोगका पदाधिकारीका लागि आवेदन लिनेदेखि लिएर सर्टलिस्ट सूची प्रकाशित गरेर सूचीमा पर्नेहरू सबैको प्रस्तुतीकरण पनि सुनेकै हो । जसबाट दुई आयोगका अध्यक्षका लागि आठजनाको नाम र दश सदस्यका लागि बत्तीसजना गरी चालीसजना आवेदकको सूचीसमेत प्रकाशित गरिएको थियो ।

पर्याप्त कार्यावधिको अभाव : प्राप्त कार्यादेशअनुरूप दुवै आयोगका लागि पदाधिकारीको नाम टुंगो लगाउने समयमा समिति सदस्यबिच सहमति जुट्न नसक्नु दुर्भाग्य हो । समितिको कार्यावधि सकिनु काबुबाहिरको परिस्थिति थियो । यो दुर्भाग्यपूर्ण नियतिप्रति सरोकारवाला नागरिक समाजलगायत सबै क्षेत्रबाट चासो र चिन्ता लिइनु स्वाभाविक थियो ।

सिफारिस समितिका पाँचैजना सदस्य आआफ्नो क्षेत्रका अनुभवी एवं सिद्धहस्त व्यक्तित्व हुनुहुन्थ्यो । यद्यपि, उहाँहरूमा पनि कुनै अमुक राजनीतिक दल वा सिद्धान्तप्रति आस्था वा आबद्धता रहेको हुन पनि सक्छ । यसबाहेक हरेक व्यक्तिका वा व्यक्ति विशेषका आआफ्ना स्वभाव, आदत हुन्छन् । एकले अर्कालाई हेर्ने, बुझ्ने र विश्लेषण गर्ने तौरतरिका फरक हुन सक्छन् । भनिन्छ पनि 'कुण्ड-कुण्ड पानी मुण्ड-मुण्ड बुद्धि' । यी विविध कारणले गर्दा प्रस्तावित आयोगका अध्यक्ष एवं सदस्यका नाम सिफारिसका लागि उहाँहरूबिच सहमति जुट्न सकेन । यस परिस्थितिमा थप घनीभूत छलफल गर्न वा थप गृहकार्य गर्न, प्रस्तावित नामका हकमा एकले अर्कालाई कन्भिन्स गराउन पर्याप्त समयको अभाव हुनुका कारण सो समिति भंग भएको हुनुपर्छ । अतः यो दुर्भाग्यपूर्ण नियतिका कारण संक्रमणकाल अरू लम्बिनने चिन्ताले मानव अधिकारवादी, द्वन्द्वपीडित, द्वन्द्वपीडितमैत्री संघसंस्थालगायत सबैलाई पिरोलेको छ । यसका कारण सत्यको खोज, द्वन्द्वपीडितका लागि परिपूरणको व्यवस्थापनलगायत संक्रमणकालीन न्याय बिचैमा कतै अलपत्र पर्ने त होइन भन्ने गम्भीर संशय आमद्वन्द्वपीडितमा पैदा भएको छ ।

अबको विकल्प : सरकार आमनागरिकका हकमा अभिभावक तथा द्वन्द्वपीडितका हकमा संरक्षक नै हो । त्यसैले देशभित्र र अन्तर्राष्ट्रिय जगत्मा संक्रमणकालीन न्यायका सन्दर्भमा उब्जिएका शंका, उपशंकालाई चिर्न एवं सबैलाई आश्वस्त पार्न, द्वन्द्वपीडितमा थप निराशा मडारिन नदिन सरकार, प्रमुख दललगायत सरोकारवाला सक्रिय भई लागिपर्नु आवश्यक छ । अतः यसका लागि जति सक्यो चाँडो यी दुई आयोग गठन गर्नु टड्कारो आवश्यक छ । त्यसका लागि पदाधिकारी सिफारिस गर्न अर्को समिति अविलम्ब गठन गर्नुको विकल्प छैन ।

अहिलेकै अवस्थामा सिफारिस समितिको जिम्मेवारी लिन जोकोही अग्रसर हुनेमा शंकै छ । जिम्मेवारी लिएकै अवस्थामा पनि तोकिएको कार्यादेशअनुरूप जिम्मेवारी निवर्हन गर्न त्यति सहज छैन । कानुनबमोजिम योग्यता पुगेका अनुभवी व्यक्तित्वको कमी नभए पनि लरतरो व्यक्ति विशेषबाट यो काम पार लगाउन त्यति सहज छैन । अतः विगतमा लामो न्यायिक अनुभव, शालीन स्वभाव, स्वच्छ छवि, निष्ठावान् व्यक्तित्व हुनुका अलावा यसअघिको सिफारिस समितिको अध्यक्ष रहँदाको अनुभवसमेतका आधारमा अध्यक्ष पदका लागि मिश्र नै अहिलेका लागि उपयुक्त विकल्प हुन सक्नुहुन्छ । अतः सरकारका तर्फबाट मिश्रसमक्ष पुनः अनुरोध गर्नु नै अहिलेका लागि उपयुक्त विकल्प हुन सक्छ ।

(आचार्य पूर्वन्यायकर्मी हुन्)

---

३ प्रश्न

यातायातविज्ञ **आशिष गजुरेल**लाई



अहिले ललितपुर महानगरमा जडान गरिएको एआई ट्राफिक लाइट कस्तो हो ?

अहिले भइरहेका परम्परागत ट्राफिक लाइटभन्दा फरक तथा अत्याधुनिक र जुन दिशातर्फ सवारीसाधन बढी गुड्छ त्यतैतिर ग्रिन सिग्नल बढी दिने, ट्राफिक डिटेक्ट गर्ने लाइटलाई एआई ट्राफिक लाइट भनिन्छ । तर, दुई किलोमिटरभित्र मात्रै टाफिक लाइट राखेर ट्राफिक व्यवस्थापनको समस्या समाधान हुँदैन । यस्तो लाइट उपत्यकाका तीन जिल्लाभरि नै आवश्यक छ । एआई ट्राफिक लाइटले ह्विलचियर र पैदलयात्रीलाई समेत रिड गर्नसक्ने गरी राख्नुपर्छ ।

एआई ट्राफिक लाइटले ट्राफिक व्यवस्थापनमा कति सहज हुन्छ ?

क्यामेरा र सेन्सरको माध्यमद्वारा सवारीसाधनको संख्या रियल टाइममा गणना गर्ने अत्याधुनिक लाइटलाई एआई ट्राफिक लाइट भन्ने गरिन्छ । यसमा बत्ती र क्यामेरा जडान गरिएको हुन्छ । क्यामेरा र सेन्सरले बत्तीलाई सपोर्ट गर्छ । यो पूर्ण रुपमा स्वचालित प्रणालीमा आधारित हुन्छ । यस्तो प्रविधि प्रयोग गर्दा सवारी व्यवस्थापनमा पक्कै सहज हुन्छ नै । एआई लाइटले सवारी चाप जता बढी हुन्छ त्यता हरियो बत्ती बाल्छ । सवारीसाधनको चाप बुझेर यातायात व्यवस्थापन गर्ने हुँदा हाम्रो जस्तो सवारीसाधनको अत्यधिक चाप हुने राजधानीका सडकमा यो बढी प्रभावकारी देखिन सक्छ ।

यस्तो स्मार्ट ट्राफिक लाइट राख्दा सडकमा के फरक देखिएला ?

यसबाट ट्राफिक जाम र दुर्घटना न्यूनीकरण हुन्छ । यसले चालकलाई अनुशासन सिकाउँछ भने चौबाटोमा चारतिरैबाट आएका सवारीसाधनलाई सही मार्ग देखाउँछ । ट्राफिक व्यवस्थापनमा धेरै जनशक्तिको खाँचो पनि पर्दैन । त्यसैले, एआई ट्राफिक लाइट हाम्रो जस्तो सहरमा अत्यावश्यक छ ।

प्रेरक प्रसंग

किसान र राजा

एक राजाको फलफूलको विशाल बगैँचा थियो । त्यहाँ जुनकुनै मौसममा पनि फलको कमी हुँदैनथ्यो । कुनै न कुनै फल फलिरहेकै हुन्थ्यो । बगैँचाको रेखदेखका लागि एक किसान आफ्नो परिवारसँगै बगैँचाको एक छेउमा बनेको घरमा बस्थे । उनी हरेक बिहान बगैँचाका ताजा फल लिएर राजाकहाँ जाने गर्थे । एक बिहान किसानले एक टोकरी स्वादिला, रसिला अम्बा र अर्को एक टोकरी रसिला चेरी टिपे । उनी एकसाथ दुई टोकरी लिएर राजदरबारतिर लागे । बाटामा जाँदै गर्दा उनलाई आज राजालाई पहिले कुनचाहिँ टोकरी दिने भनेर द्विविधा भयो । अन्तिममा उनले पहिले रसिला चेरीको टोकरी राजालाई दिने विचार गरे । उनी महलमा पुग्दा राजा कुनै विशेष सोचमा डुबेका जस्ता देखिन्थे । उनले चुपचाप चेरीको टोकरी राजाको सामुन्ने राखिदिए र आफू एक छेउमा हात जोडेर उभिए । राजाको मनमा के थियो कुन्नि ? उनी चुपचाप टोकरीबाट चेरी निकाल्दै किसानको निधार ताकेर प्रहार गर्न थाले । राजाले प्रहार गरेको चेरी आफ्नो निधारमा लाग्दा किसानले भने- ईश्वर निकै दयालु छन् । राजाले पटक-पटक चेरीले किसानलाई हिर्काइरहे । किसानले पनि पटक-पटक दोहोर्‍याइरहे- ईश्वर निकै दयालु छन् । किसानको कुरा सुन्दा राजालाई अचम्म लाग्यो । उनले किसानसित प्रश्न गरे- मैले तिमीलाई पटक-पटक चेरीले हिर्काइरहेको छु, तर तिमी भने ईश्वर निकै दयालु छन् भनिरहेका छौ । आखिर यसो किन भनिरहेका छौ ?

किसानले विनम्रतापूर्वक हात जोडेर भने- महाराज ! आज मैले अम्बा र चेरीको टोकरी एकसाथ ल्याएको थिएँ । म पहिले अम्बाको टोकरी हजुरसामु अर्पण गर्न चाहन्थेँ । तर, पछि किन हो, मलाई चेरीको टोकरी पहिले अर्पण गर्ने विचार आयो । यदि मैले चेरीको साटो अम्बाको टोकरी हजुरलाई चढाएको भए आज मेरो कुन हविगत हुँदो हो । त्यसैले म ईश्वरलाई धन्यवाद दिँदै भनिरहेको छु- ईश्वर निकै दयालु छन् । किसानका कुरा सुनेपछि राजालाई आफ्नो गल्ती महसुस भयो । उनले किसानसित माफी मागे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

लामिछानेमाथि पक्षपात किन ?

रवि लामिछानेको सांसद पद निलम्बनले नेपालको राजनीतिक र कानुनी प्रणालीमा देखिएको असमानता र पक्षपाती व्यवहारलाई उजागर गरेको छ । अभियोग दर्ता हुँदैमा लामिछानेमाथि यति कडा कारबाही गरिनु र विभिन्न अभियोग लागेका कांग्रेस र एमालेका नेताहरूचाहिँ निलम्बनमा नपर्नुले दलगत स्वार्थअनुकूल कानुनको भेदभावपूर्ण प्रयोग भइरहेको देखाउँछ । लामिछानेको निलम्बनको विषयले नेपाली राजनीति र कानुनी प्रक्रियामा गम्भीर प्रश्न उठाएको छ । कांग्रेस र एमालेजस्ता पुराना दलका नेतालाई छुट दिएर वैकल्पिक शक्तिलाई दबाउन र कमजोर बनाउन कानुनी प्रक्रियाको दुरुपयोग हुनु दुर्भाग्यपूर्ण हो । लामिछानेजस्ता नेताको सांसद पद निलम्बन हुनु भनेको व्यक्तिगत कारबाही मात्र होइन, देशको लोकतान्त्रिक प्रक्रियामा सत्ताको दबाब र नियन्त्रणको दृष्टान्त पनि हो ।

● **सन्तोष सिम्खडा**, हाल : टोकियो, जापान

खुसी लाग्ने समाचार

कार्बन व्यापारबाट पहिलोपटक नेपाललाई एक अर्ब ६० करोड आम्दानी भएको समाचार पढ्दा खुसी लाग्यो । विश्वव्यापी रूपमा कार्बन उत्सर्जन बढिरहेको समयमा नेपालका वनजंगलका कारण सो उत्सर्जन दरमा उल्लेख्य कमी आइरहेको समाचार आफैँमा खुसीको समाचार हो । कार्बन व्यापारबाट आगामी दिनमा देशले थप आम्दानी गर्न सक्छ । यसका लागि राज्यले थप पहल र लबिङ गर्न सक्नुपर्छ । साथै, आगामी दिनमा वनजंगलको संरक्षणमा पनि थप ध्यान दिनुपर्छ ।

● **विभाषा रन्तेल**
बाँसबारी, काठमाडौं

व्यापार गर्ने स्थान देऊ

सुन्धारामा रात्रिकालीन व्यापार सुरु भएको तस्बिर समाचार सकारात्मक छ । सबै व्यापारीले महँगो सटर भाडामा लिएर व्यापार व्यवसाय सञ्चालन गर्न सक्दैनन् । जसले गर्दा उनीहरूका लागि फुटपाथ नै उपयुक्त स्थान हो । तर, महानगरले विगत केही वर्षदेखि फुटपाथ व्यापारमा पूर्णतः रोक लगाएको छ । यस्तो अवस्थामा अहिले सुरु भएको रात्रिकालीन फुटपाथ व्यापार उपयुक्त विकल्प हुन सक्छ । यसबाट व्यवसायी र उपभोक्ता दुवैले लाभ लिन सक्छन् ।

● **भुवन चलाउने**
टेकु, काठमाडौं

शेखर-गगन जुध्ने कि मिल्ने ?

कांग्रेस पार्टी विधानबमोजिम हिँड्ने हो भने १५औँ माहाधिवेशन अबको ठिक एक वर्षभित्र गरिसक्नुपर्छ । तर, नेतृत्वको चलामाला हेर्दा तोकिएको समयमै महाधिवेशन हुने छाँट देखिन्न । विधानले विशेष परिस्थितिमा एक वर्षसम्म म्याद थप्न मिल्ने सुविधा दिएको हुँदा अरूले जस्तै देउवाले पनि सो सुविधा लिन सक्छन् । किनकि, आफू प्रधानमन्त्री हुनुअघि नै पार्टी सभापति अरू बनेमा भोलिका दिनमा उनै नयाँ सभापति दलको नेता बनी आफ्नो प्रधानमन्त्री हुने आकांक्षामा ठेस लाग्न सक्ने डर देउवामा छ । त्यसकारण पनि देउवाले २०८२ मै महाधिवेशन गराउलान् भन्ने विश्वास छैन । तथापि, अब विधानले नै देउवालाई सभापति बन्न रोक्ने हुँदा उनी नेतृत्वमा आउन सक्दैनन् । तर, आफ्नो मान्छे ल्याउन भने देउवालाई कसैले छेक्न सक्दैन ।

देउवा आफूपछि पत्नी आरजु राणालाई नेतृत्वमा ल्याउन चाहन्छन् । तर, आरजुको हाइट त्यो उचाइमा पुगिनसकेको हुँदा आउने महाधिवेशनमा आरजुलाई उपसभापति वा महामन्त्रीमा ल्याउने प्रयत्न देउवाबाट हुन सक्छ । जसले आरजुलाई पनि नेतृत्वमा ल्याउने विश्वास दिलाउन सक्छ, त्यसैलाई देउवाको समर्थन रहने निश्चित छ । देउवाले अहिलेसम्म आफ्नो उत्तराधिकारीबारे मुख खोलेका छैनन् । तर, उनी डा. शेखर कोइराला र गगन थापाबिच फाटो ल्याउन सक्दो प्रयासमा छन् । यस्तो अवस्थामा अब डा. कोइराला र कांग्रेस महामन्त्री थापाले आफूहरू मिल्ने कि जुध्ने भन्ने निर्णय गर्न ढिलो गर्नुहुँदैन ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

रातो मासु र प्रकार-२ मधुमेहको जोखिम

चर्चित जनस्वास्थ्य जर्नल ल्यान्सेटमा प्रकाशित एउटा अध्ययनले प्रकार दुई मधुमेहसँग रातो मासु सेवनको सम्बन्धलाई उजागर गरेको छ



देश / विदेश

● गुल्सनारा (रुमी) बेगम

रातो मासु प्राचीनकालदेखि नै मानिसको आहारको अभिन्न हिस्सा रहँदै आएको छ । यो प्रोटिन, भिटामिन बी, फलाम, जिंकजस्ता तत्त्वको उत्कृष्ट स्रोत हो । तर, रातो मासु धेरै समयदेखि मुटुरोग, क्यान्सर र प्रारम्भिक मृत्युको जोखिम बढाउनेसँग सम्बन्धित मानिन्छ । धेरैले नसुनेको जोखिमका रूपमा रातो मासुको सेवन र प्रकार-२ मधुमेहबिच सम्बन्ध रहेको छ ।

सेप्टेम्बर २०२४ मा जनस्वास्थ्य जर्नल ल्यान्सेटमा प्रकाशित एउटा अध्ययनले प्रकार २ मधुमेहसँग रातो मासु सेवनको सम्बन्धलाई उजागर गरेको छ । यसमा अमेरिका, भूमध्यसागरीय, युरोप, दक्षिणपूर्व एसिया र पश्चिम प्रशान्त क्षेत्रका २० देशका तथ्यांक प्रयोग गरिएको थियो । झन्डै २० लाख सहभागी समावेश गरिएको यस पछिल्लो अध्ययनले गाईको मासु, भेडाको मासु र सुँगुरको मासुजस्ता प्रशोधित नभएको रातो मासु तथा बेकन, सलामी र चोरिजोजस्ता प्रशोधित मासुको अत्यधिक सेवनले प्रकार २ मधुमेह बढाएको पत्ता लगाएको छ ।

शोधकर्ताले कुखुराको मासुको सेवन र प्रकार २ मधुमेहको घटनाबिच पनि सम्बन्ध देखाएका छन्, तर यो सम्बन्ध कमजोर रहेको र विभिन्न जनसंख्यामा फरक रहेको अध्ययनमा उल्लेख छ । प्रकार २ मधुमेह एउटा गम्भीर सार्वजनिक स्वास्थ्य समस्या हो, जसले विश्वभर ४६ करोड दुई लाख मानिसलाई प्रभावित गरेको छ । यो रोग तब हुन्छ, जब हाम्रो शरीरले पर्याप्त इन्सुलिन उत्पादन गर्दैन, वा इन्सुलिनलाई प्रभावकारी रूपमा प्रयोग गर्न सक्दैन । इन्सुलिन प्यान्क्रियाज नामक सानो पात आकारको ग्रन्थीले उत्पादन गर्ने हर्मोन हो, जुन पेटका पछाडि र मेरुदण्डका अगाडि रहेको हुन्छ । इन्सुलिनले रगतको ग्लुकोजलाई कोषमा प्रवेश गर्न मद्दत गर्छ, जसले रगतमा ग्लुकोजको स्तर बढ्नबाट रोक्छ ।

प्रकार २ मधुमेहमा हाम्रो शरीरले पर्याप्त इन्सुलिन उत्पादन गर्न नसक्ने वा इन्सुलिनलाई प्रभावकारी रूपमा प्रयोग गर्न नसक्ने (जसलाई 'इन्सुलिन प्रतिरोध' वा 'इन्सुलिन संवेदनशीलताको कमी' पनि भनिन्छ) कारणले रगतमा ग्लुकोजको स्तर अत्यधिक बढ्छ । यसले अत्यधिक तिर्खा लाग्ने, बारम्बार पिसाब फेर्नुपर्ने र थकान महसुस हुनेजस्ता लक्षण पैदा गर्छ । दीर्घकालीन स्वास्थ्य समस्यामा स्नायु क्षति, खुट्टासम्बन्धी समस्या र मुटुरोग पर्छन् । रातो मासु सेवन र प्रकार २ मधुमेहको सम्बन्धका प्रक्रिया स्पष्ट छैनन् । यी प्रक्रिया प्यान्क्रियाजको कार्यक्षमता, इन्सुलिन संवेदनशीलता, वा दुवैसँग सम्बन्धित हुन सक्छन् ।

रातो मासुमा उच्च स्याचुरेटेड फ्याट र कम पोलिअनस्याचुरेटेड फ्याट हुन्छ, जसले इन्सुलिन संवेदनशीलतामा बाधा पुर्‍याउन सक्छ । जनावरबाट प्राप्त प्रोटिन, जसमा ल्युसिन, आइसोल्युसिन र भ्यालिन ब्रान्च्ड-चेन एमिनो एसिड (बिसिएए) हुन्छन्, जुन प्रकार २ मधुमेहको जोखिम बढाउनसँग जोडिएको छ । अध्ययनअनुसार बिसिएएले इन्सुलिन प्रतिरोध बढाउन सक्छ । यसबाहेक आन्द्राका माइक्रोब्स (गट माइक्रोबायोटा) ले पनि रातो मासु सेवन र प्रकार २ मधुमेहबिच भूमिका खेल्न सक्छ ।

हाम्रो गट माइक्रोबायोटाले कोलिन (पानीमा घुल्ने आवश्यक पोषक तत्त्व) र एल-कार्निटिन (खाद्यपदार्थमा प्राकृतिक रूपमा पाइने एमिनो एसिड) लाई मेटाबोलाइज गर्छ, जसले ट्राइमिथाइलामिन उत्पादन गर्छ । यी दुवै पदार्थ रातो मासुमा प्रचुर मात्रामा पाइन्छन् । ट्राइमिथाइलामिनको वृद्धिसँग प्रकार २ मधुमेह विकास हुने उच्च जोखिम सम्बन्धित छ । मासु पकाउने तरिका पनि यस समस्यामा योगदान पुर्‍याउन सक्छन् । उच्च तापक्रममा जस्तै ग्रिल गर्ने वा बार्बेक्यु गर्ने क्रममा, 'एडभान्स्ड ग्लाइकेसन एन्ड प्रडक्ट्स' भनिने हानिकारक पदार्थ उत्पादन हुन सक्छन् । यी पदार्थले अक्सिडेटिभ स्ट्रेस (फ्री र्‍याडिकल्स भनिने अस्थिर परमाणुहरूले उत्पन्न गर्ने प्रक्रिया) का कारण कोषलाई क्षति पुर्‍याउन सक्छन्, जसले सुजन निम्त्याउन सक्छ (स्वस्थ कोषिकामा वा लामो समयसम्म हुने सुजन हानिकारक हुन सक्छ) र इन्सुलिन प्रतिरोध बढाउन सक्छ । रातो मासु फलामको उत्कृष्ट स्रोत हो । तर, केही अध्ययनले लामो समयसम्म फलामको सेवन वा फलामको अत्यधिक मात्रा, विशेषगरी हेम फलाम (जनावरबाट प्राप्त फलाम) प्रकार २ मधुमेहको जोखिम बढाउन सक्छ भन्ने देखाएका छन् ।



तस्बिर : ब्रेट हन्डो/अलामी

विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार पछिल्ला ५० वर्षमा सबै प्रकारका मासुको विश्वव्यापी उपभोग बढेको छ । तर, बेलायतजस्ता धनी देशमा रातो मासुको उपभोग स्थिर देखिन्छ वा घट्दो अवस्थामा छ । यद्यपि, देश र देशभित्र मासु उपभोगमा धेरै भिन्नता देखिन्छ । बेलायतमा मानिसलाई प्रतिदिन ७० ग्राम (पकाएको तौल) भन्दा बढी रातो मासु नखान र प्रशोधित मासु सेवनबाट जोगिन सल्लाह दिइएको छ । यस्तै सिफारिस धेरै अन्य देशमा पनि गरिएको छ ।

जाडो बिदा नजिकिँदै गर्दा र चाडपर्वका जमघटमा सहभागी हुँदा रातो मासुको सेवन घटाउनु चुनौतीपूर्ण हुन सक्छ, विशेषतः रातो मासुको स्वाद मन पराउनेका लागि सकस हुन सक्छ । त्यसैले यी क्षणमा चिन्ता नगरी आनन्द लिनुहोस् र सकेसम्म रातो मासुसँग प्रशस्त फाइबरयुक्त तरकारी खाने प्रयास गर्नुहोस् । रातो मासुको सेवन कम गर्न साना कदम चाल्न सकिन्छ, जस्तै सानो परिमाणमा खाने, हप्ताको एक दिन मासु नखाने (जस्तै, मासुरहित सोमबार) वा परिकारमा मासुको ठाउँमा केही (वा सबै) कुखुरा, माछा, सिमी, मसुरो आदिको प्रयोग गर्ने र जुन दिन तपाईं रातो मासु खानुहुन्छ, त्यस दिन यसलाई पोच गर्ने, स्टिम गर्ने वा स्ट्यु गर्ने प्रयास गर्नुहोस्, किनभने यो विधि ग्रिल गर्ने वा बार्बेक्यु गर्नुभन्दा स्वस्थकर हुन्छ ।

(बेगम वेस्टमिनिस्टर विश्वविद्यालयकी पोषण एवं व्यायाम विज्ञानकी वरिष्ठ लेक्चरर हुन्)

द कन्भर्सेसनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार १० पुस ०८१

बाढीले क्षति पुऱ्याएको ८८ दिनपछि सञ्चालनमा आयो माथिल्लो तामाकोशी

मंगलबार साँझ १२० मेगावाट विद्युत् उत्पादन, पुसभित्रै पूर्ण क्षमतामा सञ्चालनमा आउने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

गत १०-१२ असोजको बाढीपहिरोका कारण बन्द भएको नेपालकै ठुलो चार सय ५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् परियोजना आंशिक रूपमा सञ्चालनमा आएको छ।

अविरल वर्षाका कारण नदीमा पानीको बहाव उच्च भएपछि असोज ११ गते साँझ ७ बजेदेखि आयोजनाबाट विद्युत् उत्पादन बन्द गरिएको थियो। असोज १२ गतेको पहिरोले बाँधस्थलभन्दा केही तल दायाँतर्फ रहेको नियन्त्रण कक्ष (कन्ट्रोल रुम) भवन, बालुवा थिग्र्याउने पोखरी (डिस्यान्डर) र बाँधबाट डिस्यान्डरसम्म पानी पुऱ्याउने भूमिगत नहर (कल्भर्ट)मा क्षति पुऱ्याएको थियो। नियन्त्रण कक्ष (कन्ट्रोल रुम) भवनमा कार्यरत चारजनाको मृत्यु पनि भएको थियो। त्यसपछि परियोजना बन्द नै भएको थियो। त्यसको ८८ दिनको अवधिमा आंशिक मर्मत-सम्भार गरी मंगलबार साँझ ७.४० बजेदेखि आयोजनाबाट विद्युत् उत्पादन सुरु गरिएको हो।

प्रवर्द्धक कम्पनी अपर तामाकोशी हाइड्रोपावरको सञ्चालक समितिका अध्यक्षसमेत रहेका प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, कम्पनी सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत (सिइओ)सहितको टोलीले १८ मंसिरमा स्थलगत अनुगमन गरी १० पुसभित्र विद्युत् उत्पादन गर्ने तालिका बनाएको थियो। त्यसको एक दिनअघि ९ पुसमा परियोजनाबाट विद्युत् उत्पादन सुरु भएको हो। कार्यकारी निर्देशक घिसिङले कम्पनी सञ्चालक समिति, व्यवस्थापन, परामर्शदाता र निर्माण व्यवसायीको निरन्तर प्रयास र दिनरातको खटाइबाट माथिल्लो तामाकोशीको मर्मत-सम्भार सम्पन्न भई तालिकाभन्दा एक दिनअघि नै विद्युत् उत्पादन सुरु गर्न सफल भएको बताए।

हाल नदीमा उपलब्ध पानीको बहावलाई पूर्ण रूपमा प्रयोग गरी एक सय २० मेगावाट विद्युत् उत्पादन गरिएको नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोषले जानकारी दिए। 'अहिले बाँधमा पानी जम्मा गर्न मिल्ने अवस्था आइसकेको छैन। तसर्थ, नदीमा उपलब्ध पानीलाई नै प्रयोग गरेर विद्युत् उत्पादन सुरु गरिएको छ। त्यसो गर्दा एक सय २० मेगावाट विद्युत् उत्पादन भइरहेको छ,' उनले भने, 'परियोजनालाई पिकिङ मोडेल (दिन र रातिमा पानी जम्मा गरेर साँझ पिक आवरमा प्रयोग गर्ने)मा सञ्चालन गर्न भने दुई साताजति लाग्नेछ। त्यसपछि पिक आवरमा चार सय ५६ मेगावाट विद्युत् नै उत्पादन गर्न सकिन्छ।'

दुईवटा डिस्यान्डरमध्ये बायाँतर्फको डिस्यान्डरको मर्मत-सम्भार गरी विद्युत् उत्पादन सुरु गरिएको हो। बायाँ डिस्यान्डरको पर्खालको पुरानो ढलानलाई भत्काएर मर्मत गरिएको छ। यसैगरी, कल्भर्टको भित्ता र सिलिङमा देखिएका चिराहरूको ग्राउटिङ गरी मर्मत गरिएको छ। त्यसो गर्दा नदीमा बग्ने पानीलाई कल्भर्ट-डिस्यान्डर हुँदै सुरुङमार्फत विद्युत्गृहसम्म पुऱ्याउन सकिएको छ। बाँधमा पानी जम्मा गरेर राख्ने अवस्था भने अझै बनेको छैन। बायाँ डिस्यान्डरकै पर्खालमा अझै पनि 'कंक्रिट' गर्ने काम बाँकी छ। उक्त काम सम्पन्न भएपछि बाँधमा पानी जम्मा गर्न सकिन्छ। त्यसपछि विद्युत् कम माग हुने समयमा पानी जम्मा गरी बढी माग हुने बिहान र बेलुकाको समय (पिक)मा केन्द्रलाई पूर्ण क्षमतामा चलाउन सकिन्छ। परियोजनालाई पुसभित्रमा पिक समयमा पूर्ण क्षमतामा चलाउन सक्ने गरी मर्मत-सम्भार भइरहेको बताइएको छ।

आयोजनाबाट उत्पादित विद्युत् प्रवाह गर्ने गोङ्गर-खिम्ती दुई सय २० केभी प्रसारणलाइनको सिंगटीस्थित ४६ नम्बर टावरमा वर्षाका कारण क्षति पुगेको थियो। त्यसको मर्मत-सम्भार भने यसअघि नै सकिएको थियो। 'देशकै ठुलो विद्युत्गृह बन्द हुँदा विद्युत् आपूर्ति व्यवस्थापनमै असहजता उत्पन्न भएको थियो,' उनले भने, 'केन्द्रबाट आंशिक रूपमा विद्युत् उत्पादन सुरु भएसँगै भारतबाट गरिने विद्युत् आयात सन्तुलन कायम गरी पिक समयको विद्युत् आपूर्तिमा सहजता हुनेछ।'

कम्पनीका सिइओ मोहनप्रसाद गौतमले कम्पनीका सञ्चालक समिति, विज्ञसमूहबाट विद्युत्गृह सञ्चालन गर्न प्राप्त सुझावलाई समेटेर मर्मत-सम्भारका उपायहरू अवलम्बन गरी कार्ययोजनाका साथ काम अगाडि बढाइएको र त्यसको नियमित अनुगमनबाट तोकिएको दिनभन्दा अगाडि नै विद्युत् उत्पादन गर्न सफल भएको बताए। दायाँतर्फको अर्को डिस्यान्डर मर्मत आगामी वर्षायाम सुरु हुनुभन्दा अगाडि नै सक्ने गरी काम गर्न निर्माण व्यवसायी छनोटका लागि बोलपत्र (टेन्डर) आह्वान भइसकेको उनको भनाइ छ।

परियोजनाको सम्पूर्ण संरचनाको बिमा गरिएकाले क्षति पुगेको संरचनाको मर्मत-सम्भार खर्च बिमाबाट प्राप्त रकमबाट व्यहोरिनेछ। कम्पनीले पहिरोले पुऱ्याएको क्षतिको एक अर्ब ७८ करोड रुपैयाँको प्रारम्भिक बिमा दाबी गरेको थियो।

कम्पनी र राष्ट्रिय बिमा कम्पनीबाट संयुक्त रूपमा हाल क्षतिको यकिन मूल्यांकन भइरहेको छ। उक्त काम सम्पन्न भएपछि बिमाको रकम भुक्तानी प्राप्त हुनेछ। यसैगरी, विद्युत् बिक्रीबाट प्राप्त हुने आम्दानीको तीन महिनाको बिमा गरिएको छ। बिमा सम्झौतामा उल्लिखित सर्तबमोजिम कम्पनीले दुई महिनाको आम्दानीको भुक्तानी पाउनेछ।



बाढीले क्षतिग्रस्त भएको संरचनाको आंशिक मर्मत-सम्भारपछि परियोजनाको बाँध क्षेत्र

पिक आवरको माग धान्न सहज हुने

हिउँदका कारण खोलामा पानी कम भएर जलविद्युत् उत्पादन घटेसँगै प्राधिकरणले स्वदेशी माग धान्न भारतबाट विद्युत् आयात सुरु गरिसकेको छ। भारतले आफ्नो बजारबाट ६ सय ५४ मेगावाट विद्युत् खरिद गर्न प्राधिकरणलाई स्वीकृत दिएको छ। तर, भारतले साँझ ६ देखि ९ बजेसम्म भने विद्युत् दिँदैन। त्यसले गर्दा साँझ पिक आवरमा विद्युत्को माग धान्न चुनौती भइरहेको छ। प्राधिकरणले पिक आवरमा उद्योगहरूमा विद्युत् कटौतीसमेत सुरु गरिसकेको छ। तर, माथिल्लो तामाकोशी सञ्चालनमा आएसँगै पिक आवरको विद्युत् माग धान्न सहज हुने बताइएको छ। नेपालमा अहिले विद्युत्को जडित क्षमता ३५ सय मेगावाट छ। त्यसमा अधिकांश नदी प्रवाहमा आधारित जलविद्युत् परियोजना छन्। चार सय ५६ मेगावाट क्षमताको यो नेपालको सबैभन्दा ठुलो परियोजना हो। सबैभन्दा ठुलो र अर्धजलाशय प्रकृतिको भएकाले हिउँदको समयमा यसको महत्त्व धेरै छ।

दुईवटै ट्विनअटर ग्राउन्डेड निगमको आन्तरिक उडान ठप्प



नेवानिका प्रवक्ता रमेश पौडेल भन्छन्-

छिट्टै इन्जिन ल्याएर नियमित उडान हुन्छ

दुवै विमान ग्राउन्डेड भएपछि आइतबारदेखि आन्तरिक उडान रोकिन पुगेको छ। जेठमा ग्राउन्डेड विमानको एउटा इन्जिन ठिक थियो। त्यो इन्जिन अर्को जहाजमा राखेर टेस्ट गर्दा सफल भएन। इन्जिन मर्मत तथा सट्टापट्टाका लागि बेट सेमेस इन्जिन लिमिटेड छानिएको छ। उसलाई सकेसम्म चाँडै इन्जिन उपलब्ध गराउन ताकेता गरेका छौं। छिट्टै इन्जिन ल्याएर नियमित उडान हुनेछ।

नवीन अर्याल/नयाँ पत्रिका

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेवानि) आन्तरिक उडानतर्फ जहाजविहीन भएको छ। इन्जिन व्यवस्थापनमा निगम नेतृत्वको चरम लापरबाहीका कारण दुवै ट्विनअटर विमान ग्राउन्डेड भएपछि आन्तरिक उडान ठप्प भएको हो।

दुईवटै ट्विनअटर विमान ग्राउन्डेड भएपछि आइतबारदेखि आन्तरिक उडान रोकिएको निगमका प्रवक्ता रमेश पौडेलले बताए। निगमले दुईवटा ट्विनअटर विमानबाट आन्तरिक उडान गर्दै आएको थियो। जसमध्ये ९एन-एबिटी इन्जिनमा समस्या आएर २३ जेठदेखि ग्राउन्डेड छ। ६ महिनादेखि उडान आवर बचाउँदै उडाइरहेको ९एन-एबियू पनि उडान आवर सकिएर आइतबारदेखि ग्राउन्डेड भएको हो। निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले उडान आवर सकिएका र बिग्रिएका निगमका तीनवटा इन्जिन मर्मतमा दिने र तीनवटा ओभरहल गरिएका इन्जिन भाडामा लिने गरी 'लेटर अफ अवार्ड' जारी गरिएको छ।

९एन-एबिटी इन्जिनमा समस्या आएर २३ जेठदेखि ग्राउन्डेड हुँदा पनि अहिलेसम्म इन्जिनको जोहो गरेर नियमित उडानमा फर्काउन निगमका कार्यकारी अध्यक्ष अधिकारीले तदारुकता नदेखाएको स्रोत बताउँछ। '९एन-एबियूमा दायाँ इन्जिनको उडान आवर सकिएर आइतबारदेखि ग्राउन्डेड छ,' स्रोत भन्छ, 'निगम व्यवस्थापनले उडान आवर बचाउँदै उडाइरहेको थियो, इन्जिनको आवर सकिन लागेको पहिल्यै थाहा हुँदा पनि समयमै इन्जिन जोहो नगर्दा दुवै विमान ग्राउन्डेड गरेर राख्नुपरेको छ।'

निगम व्यवस्थापनले दसैँअगाडि इन्जिन मर्मत र सट्टापट्टाका लागि अन्तर्राष्ट्रिय टेन्डर आह्वान गरेको थियो। सो समयमा मेटर्स र बेट सेमेस कम्पनीले भाग लिएको बताइन्छ। तर, मेटरले आवश्यक डकुमेन्ट बुझाउन नसकेपछि टेन्डरबाट अयोग्य ठहरिई बाहिरियो। निगम नेतृत्वले चाहेको कम्पनी अयोग्य भएपछि कैफियत देखाएर त्यो टेन्डर रद्द गरियो। निगमले फेरि रि-टेन्डर गर्दा पनि साबिककै बेट सेमेस योग्य ठहरियो। स्रोतका अनुसार बेट सेमेसले टेन्डर पाएपछि निगम व्यवस्थापनले आठ हप्तासम्म एग्रिमेन्ट गरेन। जबकि यता उडान आवर सकिएर जहाज ग्राउन्डेड हुन लागिसकेको थियो।



समयमै इन्जिन मर्मत र सट्टापट्टा गर्न नचाहेपछि आन्तरिक उडान अनिश्चिकालीन ठप्प भएको स्रोतको दाबी छ। निगमका तीनवटा ट्विनअटरमध्ये एउटा १२ वर्षदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ग्राउन्डेड छ। चीनबाट भित्र्याइएका पाँचवटा विमान (दुईवटा एमए-६० र तीनवटा वाई१२ई) उडाउँदा ठुलो घाटा व्यहोर्नुपरेको भन्दै साउन ०७७ देखि ग्राउन्डेड गरिएको छ। एउटा वाई१२ई विमान नेपालगन्ज एयरपोर्टमा दुर्घटनाग्रस्त भएपछि स्क्र्यापमा पठाइएको छ। चिनियाँ विमानले अत्यधिक इन्धन खपत गर्नुका साथै यात्रु क्षमता पनि कम रहेको, चिनियाँ पक्षबाट पार्टपुर्जा उपलब्ध गराउन ढिलाइ, तालिममा असहयोग, चर्को इन्स्योरेन्सलगायतका कारण अत्यधिक घाटा व्यहोर्नुपरेको निगमको दाबी छ। यी जहाज निगमले न बिक्री गर्न सकेको छ, न भाडामा लगाउन सकेको छ।

निगमले जहाज बिग्रिएर ग्राउन्डेड भएको ६ महिनापछि बल्ल तीनवटा इन्जिन सट्टापट्टाका लागि इजरायलको बेट सेमेस इन्जिन लिमिटेड छानेको हो। यो कम्पनीसँग निगम स्रोतका अनुसार मेटर ट्रेडिङ इन्जिन बनाउने कम्पनी होइन, इन्जिन खोजेर दिने एजेन्सी कम्पनी हो। बेट सेमेस इन्जिन मर्मत गर्ने कम्पनी हो। स्रोत भन्छ, 'यदि पहिलो टेन्डरमै बेट सेमेसलाई छनोट गरेर इन्जिन मर्मत तथा सट्टापट्टाको जिम्मेवारी सुम्पिएको भए अहिले इन्जिन अभाव भएर जहाज ग्राउन्डेड गर्नुपर्ने अवस्था आउने थिएन।'

हालै मात्र सम्झौता भएको बेट सेमेस इन्जिन लिमिटेडसँग ४५ दिनभित्र ओभरअल इन्जिन उपलब्ध गराउने सम्झौता भएको बताइन्छ। कम्पनीले निगमलाई चार हजार घण्टा उडान गर्न मिल्ने इन्जिन दिएपछि निगमको उडान आवर सकिएका इन्जिन लैजानेछ। निगम नेतृत्वको कार्यशैलीका कारण अझै कम्तीमा दुई महिना आन्तरिक उडान ठप्प हुने सम्भावना देखिन्छ। पटक-पटकको टेन्डर आह्वानमा एउटै कम्पनी छनोट भएपछि निगम नेतृत्व बेट सेमेसलाई इन्जिन मर्मत तथा सट्टापट्टाको जिम्मेवारी दिन तयार भएका हुन्।

नेपाल राष्ट्र बैंक खुला बजार कारोबारसम्बन्धी कार्यविधि, ०७८ को सातौँ संशोधन

बचतको ब्याजदर ३% भन्दा कम भए स्थायी निक्षेप सुविधा नपाइने

नयाँ पत्रिका

अब स्वदेशी मुद्राको बचत र मुद्दती निक्षेपको ब्याजदर ३ प्रतिशतभन्दा कम भए बैंकहरूले स्थायी निक्षेप सुविधा लिन नपाउने भएका छन्। नेपाल राष्ट्र बैंकले मंगलबार नेपाल राष्ट्र बैंक खुला बजार कारोबारसम्बन्धी कार्यविधि, ०७८ को सातौँ संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो।

राष्ट्र बैंकले फागुन ०८० देखि बैंकहरूलाई स्थानीय निक्षेप सुविधा (बैंकहरूले चाहेका वेला राष्ट्र बैंकमा निक्षेप राख्न सक्ने) दिएको थियो। अहिले बैंकहरूमा अधिक तरलता हुँदा यो सुविधाको उपयोग उच्च छ। यसमा राष्ट्र बैंकले ब्याजदर करिडोरको तल्लो सीमाबराबरको ब्याजदर दिने नीति छ।

सोहीअनुसार अहिले राष्ट्र बैंकले ३ प्रतिशत ब्याज दिएर बैंकहरूलाई स्थायी निक्षेप सुविधा दिइरहेको छ। तर, अब बैंकहरूले त्यो सुविधा पाउन ग्राहकलाई स्वदेशी मुद्राको बचत र निक्षेपमा ३ प्रतिशतभन्दा बढी ब्याजदर दिएको हुनुपर्नेछ। त्योभन्दा कम भएमा यो सुविधा नपाउने राष्ट्र बैंकले जनाएको छ।

'स्वदेशी मुद्राको बचत र मुद्दती निक्षेपमा दिइने न्यूनतम ब्याजदर यो सुविधाको ब्याजदरभन्दा कम नभएको' भन्दै संशोधित कार्यविधिमा उल्लेख गरिएको छ।

'बैंकहरूले नाफा कमाउने नियमित कर्जा प्रवाहको ब्याजबाट हो। हामीले त राहत मात्रै दिएको हो। ग्राहकलाई ३ प्रतिशतभन्दा कम ब्याजदर दिने र राष्ट्र बैंकबाट ३ प्रतिशत ब्याज लिने भन्ने हुँदैन।

तसर्थ, यस्तो सर्त राखेका हौं,' राष्ट्र बैंकका एक अधिकारीले बताए। कर्जाको माग नभएपछि बैंकहरूले पछिल्लो समय निरन्तर ब्याजदर घटाउँदै गएका छन्। थप ब्याजदर घटाउन नदिने उद्देश्यअनुसार पनि यस्तो सर्त तोकिएको राष्ट्र बैंकका अधिकारीहरू बताउँछन्।

यद्यपि, बैंकहरूलाई प्रचलित कानुनअनुसार ब्याजदर परिवर्तन गर्न कुनै बाधा हुनेछैन। त्यस क्रममा स्वदेशी मुद्राको बचत र निक्षेपको ब्याजदर ३ प्रतिशतभन्दा तल गएमा बैंकहरूले स्थानीय निक्षेप सुविधा नपाउने राष्ट्र बैंकका एक अधिकारीले बताए।

अन्तर्राष्ट्रिय बेलुन महोत्सव सुरु



नेपाल प्रालि र पोखरा पर्यटन परिषद्को संयुक्त आयोजनामा पोखरामा नेपालमै पहिलोपटक 'बिवाइडी अन्तर्राष्ट्रिय हट एयर बेलुन महोत्सव २०२४' सुरु भएको छ। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गरेको महोत्सव १ जनवरी २०२५ सम्म सञ्चालन हुनेछ। पाँच हजार फिटमाथिसम्म ४० मिनेट उडान गर्न सकिने महोत्सवमा १५ देशका १७ वटा हट एयर बेलुनको सहभागिता रहेको छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

संक्षेप

मध्यमर्स्याङ्दीबाट ४० मेगावाट मात्रै विद्युत् उत्पादन

काठमाडौं/ लमजुङस्थित ७० मेगावाटको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनाबाट क्षमताभन्दा आधा मात्रै विद्युत् उत्पादन हुन थालेको छ। मर्स्याङ्दी नदीमा पानीको बहावमा कमी आएपछि उत्पादन कमी भएको हो।

बर्खाको समयमा टर्बाइन खुला छाड्दा ७३ मेगावाटसम्म उत्पादन हुने जलविद्युत्बाट अहिले दैनिक औसत ४० मेगावाट मात्रै उत्पादन हुने गरेको आयोजनाका केन्द्र प्रमुख पवन बस्नेतले बताए। उनका अनुसार पानीको बहाव कम हुँदा अहिले आयोजनाबाट औसत दैनिक ४०-४२ मेगावाट विद्युत् मात्र उत्पादन भएको हो। पानी पर्ने र हिउँ पग्लिने समयदेखि विद्युत् उत्पादन बढ्ने केन्द्रले जनाएको छ। उक्त परियोजनामा ३५-३५ मेगावाटका दुईवटा टर्बाइन रहेका छन्।

हिउँ नपग्लिएका कारण मर्स्याङ्दी नदीमा पानीको बहाव कम भएको छ। यससँगै विद्युत् उत्पादन कम हुँदै जान थालेको छ। हालसम्म कुल ७० मेगावाट आयोजनाबाट ३० मेगावाट बिजुली उत्पादनमा कमी आएको आयोजनाका प्रमुख बस्नेतले बताए। उनका अनुसार मंसिर पहिलो साताबाट आयोजनाको उत्पादनमा कमी आएको हो। जिल्लाका अन्य जलविद्युत् आयोजनामा समेत पानीको बहाव कम हुँदा विद्युत् उत्पादन घट्न थालेको छ।

सिद्धबाबा सुरुङमार्ग तीनवटै बाइपासको ब्रेक थ्रु

बुटवल/ सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडकखण्डको सिद्धबाबा सुरुङमार्गको तीनवटै बाइपासको ब्रेक थ्रु भएको छ। यस आयोजनाको मुख्य टनेलको पनि काम तीव्र पारिएको छ। यस आयोजनामा एक हजार एक सय २६ मिटर मुख्य सुरुङको लम्बाइ रहेकोमा ब्रेक थ्रु हुन अब ६६ मिटर मात्रै खन्न बाँकी रहेको आयोजनाकी सूचना अधिकारी इन्जिनियर सबिता ज्ञवालीले बताइन्।



सुरुङभित्र केही समस्या आए बाइपासबाट निस्कन मिल्ने गरी यहाँ तीनवटा बाइपास बनाउने काम भइरहेको छ। तेस्रो र पहिलो बाइपासको 'ब्रेक थ्रु' भदौ तथा असोजमा भएकोमा दोस्रो बाइपासको ब्रेक थ्रु यही पुस ७ गते आइतबार भएको छ। सिद्धबाबा सुरुङमार्ग आयोजनाअन्तर्गत कुल तीनमध्ये तीनवटै बाइपासको ब्रेक थ्रु भएको हो। अब मुख्य टनेलको ब्रेक थ्रु हुन बाँकी रहेको छ। यहाँ पहिलो बाइपासको लम्बाइ एक सय ५१ मिटर, दोस्रोको लम्बाइ एक सय ६१ मिटर र तेस्रोको एक सय ३० मिटर लम्बाइ रहेको छ।

आयोजनाकी सूचना अधिकारी ज्ञवालीका अनुसार भदौ २६ गते तेस्रो र असोज ४ गते पहिलो बाइपास मुख्य टनेलसँग खनेर सकिएको थियो। पहिलो बाइपास माथिल्लो सिद्धबाबा मन्दिरतर्फको र तेस्रो बाइपास दोभान ड्याम साइडतर्फको हो। अब मुख्य टनेलको पनि यही महिनाभित्रै ब्रेक थ्रु गर्ने गरी काम भइरहेको इन्जिनियर ज्ञवालीले बताइन्। चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाख चार हजार सात सय ३४ रुपैयाँमा ठेक्का लिएको थियो। सिद्धार्थ राजमार्ग भएर साना-ठूला दैनिक हजारौं सवारी ओहोरदोहोर गर्छन्।

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि.वागमती प्रदेश कार्यालय,काठमाडौंको २१ दिने सूचना

सूचना प्रकाशित मितिः २०८१/०९/१०

यस बैंकको शाखा नयाँ बानेश्वरबाट तपसीलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको सावाँ, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने ब्यहोरा समेत जानकारी गराउँदछौं। साथै तपसीलबमोजिमका व्यक्ति/फर्म/ कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

सम्बन्धित शाखा कार्यालय : शाखा नयाँ बानेश्वर

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	ग्राहकको पिता/पतिको नाम	बाजे/ससुराको नाम	कर्जाको उद्देश्य	सावाँ रकम	मिति २०८१ मंसिर मसान्तसम्मको ब्याज तथा अन्य तिर्नुपर्ने रकम	जम्मा तिर्नपर्ने रकम	धितो मन्जुरीनामा दिने वा जमानत बस्नेको नाम
१	राधे राधे निर्माण सेवा (प्रो.रेखा साह)	का.म.न.पा-३२, बानेश्वर, काठमाडौं	जितेन्द्र कुमार साह	जदुवंश साह	संस्थागत ओ.डी	२९,३७,६३१	३,९५,७२२	३३,३३,३५३	जितेन्द्र कुमार साह
२	मालिका इन्टरप्राईजेज प्रो.रिता रावल	का.म.न.पा-३२, सहयोगिनगर, काठमाडौं	ओम बहादुर रावल	कालिबहादुर रावल	सहुलियत कर्जा	३,३८,३२४	३,७२८	३,४२,०५२	ओम बहादुर रावल
३	कृष्ण प्रसाद भट्टराई	कागेश्वरी मनोहरा-०९, काठमाडौं	पुण्य प्रसाद भट्टराई	हरी भक्त भट्टराई	आवास कर्जा	१,६०,२७,८००	२०,८४,८२८	१,८१,१२,६२८	शान्ती दाहाल
४	शर्मिला लामिछाने	तारकेश्वर-०८, शान्तिटोल , काठमाडौं	अर्जुन पौडेल	भिमनाथ पौडेल	घरायसी कर्जा	१,९५०,०००	९८,५३६	२,०४८,५३६	
५	पंकज न्यौपाने	का.म.न.पा०७, चावहिल, काठमाडौं	नन्दी केशर न्यौपाने	पदम लाल न्यौपाने	घरायसी कर्जा	३०,००,०००	१,०५,५७६	३१,०५,५७६	शेष कुमारी न्यौपाने,

कृषि बिकास बैंक लि.
बागमती प्रदेश कार्यालय, गौशाला,काठमाडौं ।

बिवाइडीको एमपिभी एम ६ सार्वजनिक

बुकिङ गरिएका एक सयवटा गाडी ग्राहकलाई हस्तान्तरण

नयाँ पत्रिका

विद्युतीय सवारी निर्माता कम्पनी बिवाइडीले पर्यटकीय नगरी पोखरामा एमपिभी एम ६ गाडी सार्वजनिक गरेको छ। बिवाइडीको नेपालका लागि आधिकारिक वितरक साइमेक्स इंकले बिवाइडी एम ६ नेपालमै पहिलोपटक पोखरामा सार्वजनिक गरेको हो। विद्युतीय सवारी निर्माता कम्पनीले मंसिर अन्तिममा सो प्रिमियम गाडीको बुकिङ खुला गरेको थियो। यस अवधिमा गाडी बुकिङ गरेका एक सयजना ग्राहकलाई गाडी हस्तान्तरण गरिएको छ।

सातसिटे सो गाडीको प्रारम्भिक मूल्य ६० लाख १५ हजार रहेकोमा बुकिङ गर्ने ग्राहकलाई एक लाख ५० हजार नगद छुट दिइएको छ। साइमेक्स इंकका प्रबन्ध निर्देशक यमुना श्रेष्ठका अनुसार कम्फर्ट, पर्फमेन्स र सस्टेनेबिलिटी प्रदान गर्ने गरी निर्माण गरिएको प्रिमियम गाडीमा प्यानोरामिक ग्लास रुफ र ५८० लिटरसम्मको फ्लेक्जिबल लगेज क्यापासिटी छ। एक सय किलोवाट हाई-पर्फमेन्स इलेक्ट्रिक मोटर र चार सय ४० किलोमिटर (डब्लुएलटिसी)सम्मको रेन्ज दिने भएकाले लङ रुटको यात्राका लागि



प्रभावकारी रहेको उनले बताइन्।

गाडीमा एक सय १५ किलोवाटको फास्ट चार्जिङ सपोर्टबाट ३७.४ मिनेटमै फुल चार्ज गर्न सकिने बताउँदै श्रेष्ठले गाडीमा ६ एयर ब्याग, एडेप्टिभ क्रुज कन्ट्रोल, लेन किपिङ असिस्ट र पार्किङ सेन्सरजस्ता एड्भान्स्ड सेफ्टी फिचरसमेत रहेको जानकारी दिइन्।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत साहिल श्रेष्ठका अनुसार १२.८ इन्चको रोटेटेबल इन्फोटेनमेन्ट डिस्प्ले, वायरलेस फोन चार्जिङ र बिवाइडीको लेभल २ एडास टेक्नोलोजीलगायतका नयाँ स्तरीय प्रविधि रहेका गाडी पोखरामा सार्वजनिक भएसँगै अब देशभरका डिलरबाट पाउन सकिन्छ।

एनसेल फाउन्डेसनले २६ सयभन्दा बढी शैक्षिक सामग्री वितरण गर्ने

काठमाडौं/ एनसेल फाउन्डेसनले नेपाल प्रिमियर लिग (एनपिएल)का खेलमा हानिएका प्रत्येक चौकाबापत चारवटा शैक्षिक सामग्री वितरण गर्ने घोषणाअनुरूप २६ सयभन्दा बढी शैक्षिक सामग्री वितरण गर्ने भएको छ। सामग्री वितरण गर्न एनसेलले कर्मयोग फाउन्डेसनसँग सहकार्य गरेको छ।

यी सामग्री ग्रामीण र दुर्गम क्षेत्रका सामुदायिक विद्यालयका विद्यार्थीलाई प्रदान गरिनेछन्। शनिबार सम्पन्न एनपिएलमा कुल ६ सय ५३ चौका हानिएका थिए। त्यसबापत एनसेल फाउन्डेसनले कुल २६ सय १२ वटा शैक्षिक सामग्री विद्यार्थीलाई



वितरण गर्ने भएको हो। क्रिकेटदेखि कक्षाकोठासम्मको यस नवीन पहलले विद्यार्थीको पठनपाठनमा सकारात्मक परिवर्तन ल्याउने र शिक्षालाई प्रवर्द्धन गर्दै उज्ज्वल भविष्यका लागि अवसरका ढोका खोल्न मद्दत पुऱ्याउने विश्वास लिइएको छ। विद्यार्थीले प्राप्त गर्ने प्रत्येक शैक्षिक सामग्रीमा आवश्यक शैक्षिक सामग्रीजस्तै स्कुल ब्याग, कापी, सिसाकलम, इरेजर, कटरलगायतका स्टेसनरी सामान समावेश हुनेछन्। यसले स्रोतको अभाव घटाउन सहयोग गर्नेछ र विद्यार्थीको पठनपाठनमा योगदान गर्ने एनसेलले जनाएको छ।

एनपिएलमा सबैभन्दा बढी चौका जनकपुर बोल्ट्सका खेलाडी लाहिरू मिलान्थाले हानेका छन्। उनले कुल ३५ चौका हानेका छन् भने पोखरा एभेन्जर्सका आन्द्रियस गौसले ३० चौका हानेका थिए। त्यसैगरी, लुम्बिनी लायन्सका रोहितकुमार पौडेलले २६ चौका, चितवन राइनोजका रविन्द्र बोपारा र सुदूरपश्चिम रोयल्सका सैफ जैब प्रत्येकले २४ चौका हानेका थिए।

'क्रिकेट खेल र एनसेल फाउन्डेसनको सामाजिक कार्य दुवैका हिसाबले यो एनपिएल एकदमै उत्साहजनक रह्यो। क्रिकेटप्रतिको चाखलाई सामाजिक कार्यसँग जोड्दै शिक्षाका लागि स्रोत आवश्यक रहेका विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गर्न यो पहलकदमी गर्न पाउँदा हामी अत्यन्त खुसी छौं। एनसेलकी कर्पोरेट कम्युनिकेसन एन्ड सिएसआर हेड विशाखालक्ष्मी खड्काले भनिन्।

ग्लोबल आइएमई बैंकद्वारा हाटबजार सञ्चालन

काठमाडौं/ ग्लोबल आइएमई बैंकले 'ग्लोबल हाटबजार' सञ्चालनमा ल्याएको छ। बैंकले आफूले ऋण लगानी गरेका लघु, साना तथा मझौला उद्यमीले उत्पादन गरेका वस्तुलाई बजारीकरणमा सहजीकरण गर्ने उद्देश्यले हाटबजार सञ्चालनमा ल्याएको हो।

'उद्यमीको उत्पादन, ग्लोबल आइएमईको प्रोत्साहन' भन्ने नारालाई आत्मसात् गर्दै बैंकले आफ्नो लगानीमा सञ्चालित लघु, साना तथा मझौला उद्यमीहरूले गरेका उत्पादनलाई बजारसम्मको पहुँच विस्तार गराउने उद्देश्यले बैंकको काठमाडौंको कमलादी शाखा कार्यालयमा हरेक शुक्रबार हाटबजार सञ्चालन गर्नेछ। बैंकका प्रमुख कार्यकारी



अधिकृत (सिइओ) सुरेन्द्रराज रेग्मीले उक्त हाटबजारको उद्घाटन गरेका छन्।

सिइओ रेग्मीले दिगो तथा हरित अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याइरहेका लघु, साना तथा मझौला उद्यमहरूको बजारमा पहुँच विस्तार गर्नु हाटबजारको प्रमुख उद्देश्य रहेको बताए।

हाटबजारले अर्गानिक, रैथाने तथा स्थानीय उत्पादनलाई प्रोत्साहित गर्दै बजारीकरण गर्न सहजीकरण गर्ने र नेपाली उत्पादकलाई हौसला प्रदान गर्ने सिइओ रेग्मीले बताए।

'यो हाम्रो सानो तथा सिम्बोलिक अभियान हो। यसैगरी, हाम्रा अर्गानिक, रैथाने तथा स्थानीय उत्पादनको प्रवर्द्धन गर्न सकिन्छ। हाम्रो अर्थतन्त्रको आधार यिनै लघु, साना तथा मझौला उद्यम नै हुन्। यसका साथै आफ्ना ऋणीले उत्पादन गरेका वस्तु खपत गर्ने तथा ती उत्पादनलाई प्रवर्द्धन गर्नु बैंकको पनि दायित्व हो,' उनले भने।

हाटबजारमा विषादीरहित कृषिउपज, रैथाने बाली तथा सोअनुरूपका बालीका उत्पादन, स्थानीय स्रोतको उपयोग गरी उत्पादन गरिएका हस्तकला सामग्री, सजावटमा प्रयोग हुने बिरुवालगायतका सामग्री प्रदर्शन तथा बिक्रीका लागि राखिने सिइओ रेग्मीले जानकारी दिए।

महालक्ष्मी विकास बैंकद्वारा आर्थिक सहयोग



काठमाडौं/ महालक्ष्मी विकास बैंकको लालबन्दी शाखाले रोटरी क्लब अफ ठमेल काठमाडौं र रोट्याक्ट क्लब अफ थेम्स इन्टरनेसनल कलेजको संयुक्त पहलमा 'परियोजना न्यानो' कार्यक्रमअन्तर्गत न्याना कपडाहरू वितरण गरेको छ। १३ पुसमा ईश्वरपुर नगरपालिका- २, सर्लाहीका सीमान्तकृत मुसहर समुदायलाई न्यानो डस्ना, ब्ल्यांकेट र कपडाहरू वितरण गर्न संस्थाले आर्थिक सहयोग गरेको छ।

त्यसैगरी, बैंकको राजापुर शाखाले अमर सहिद बहुमुखी क्याम्पस रोड र क्याम्पस परिसरभित्र फोहोरमैला व्यवस्थापन गर्न डस्टबिन वितरण गरेको छ।

श्री राजदेवी सांगीतिक समूह, कलैया बाराले कलैया उपमहानगर- १ स्थित राजदेवी माता मन्दिरको प्रांगणमा आयोजना गरेको रक्तदान कार्यक्रममा आवश्यक पर्ने फलफूल, जुस, साउन्ड सिस्टम, मिठाईलगायतका सामग्री खरिद गर्न बैंकले आर्थिक सहयोग गरेको छ।

दुई वर्षमा पोखरामा आठौं अन्तर्राष्ट्रिय चार्टर उडान हुँदै, तेस्रोपटक आउँदै सिचुवान

कास्कीमा **रोहितराज पराजुली**

सञ्चालनको २४ महिना पुग्नै लाग्दा पोखरामा आठौं चार्टर अन्तर्राष्ट्रिय उडान हुने भएको छ। चीनको छेन्दु विमानस्थलबाट सिचुवान एयरले ११ पुसमा पोखरामा चार्टर उडान गर्न लागेको हो।

१३ देखि १५ पुसमा पोखरामा हुने दोस्रो संस्करणको नेपाल-चीन मैत्रीपूर्ण ड्रागन बोट रेस प्रतियोगितामा भाग लिन चिनियाँ टोली विमान चार्टर गरेर पोखरा आउन लागेको पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले जानकारी दिए। श्रेष्ठका अनुसार एक सय २६ यात्रु लिएर आउने विमान ११ गते बिहान ९:५० बजे पोखरामा अवतरण गर्नेछ। पोखरामा पहिलो अन्तर्राष्ट्रिय उडान गरेको सिचुवानले यसअघि दुईपटक चार्टर उडान गरिसकेको छ।

पोखरा अवतरण गरेपछि सो विमान एक घण्टा पोखरामा बसी काठमाडौं जानेछ। १०:५० बजे सोही विमानमा गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालको नेतृत्वमा पर्यटन व्यवसायी, उद्योगीलगायत एक सय २६ जना प्रवर्द्धनात्मक उडान गर्दै काठमाडौं जानेछन्। श्रेष्ठका अनुसार पोखराबाट फुल लोडमा विमानले उडान र अवतरण गर्न नसक्ने भनी फैलिएको हल्ला चिर्न फुललोड प्रवर्द्धनात्मक उडान गर्दै काठमाडौं जान लागेको हो। उनले भने, 'योसँगै अन्य विमान कम्पनीहरूलाई पोखरामा उडान गर्नका लागि सन्देश दिने उदेश्यसहित टोलीले उडान गर्न लागेको छ।'

१७ पुसमा ०७९ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेको



विमानस्थलमा ११ फागुन ०८० मा इन्स्ट्रुमेन्ट फ्लाइट रुल्स (आइएफआर) लागू भएपछि अन्तर्राष्ट्रिय उडान र रात्रिकालीन उडानका लागि विमानस्थल तयार भएको थियो। १८ फागुन ०७९ देखि रात्रिकालीन उडान सुरु भएको विमानस्थलमा चार्टर उडान भए पनि नियमित अन्तर्राष्ट्रिय उडान कहिलेबाट हुन्छ भन्नेमा हालसम्म कुनै अत्तोपत्तो छैन।

पोखरामा य अघि पहिलोपटक ६ असार ०८० मा चीनको छेन्दु विमानस्थलबाट आएको सिचुवानको न्यारोबडी ए३१९ विमानले चार्टर उडानमार्फत पहिलो अन्तर्राष्ट्रिय उडान भरेको थियो। २३ भदौ ०८० मा भुटानको 'ड्रुक एयर'ले भुटानको पारो अन्तर्राष्ट्रिय विमानस्थलबाट चार्टर उडानसँगै पोखराबाट पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान गरेको थियो। पारोबाट चालकदलका सात र तीन पर्यटकसहित १० जना लिएर आएको विमानले पोखराबाट ४२ यात्रु र चालक दलका सात गरी ४९ जना लिएर थिम्पुका लागि उडान भरेको थियो, जुन पोखराबाट भएको पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान हो। त्यसपछि २२ कात्तिक ०८० मा चिनियाँ जनमुक्ति सेनाका दुई कार्गो विमानले पोखरामा क्रमशः तेस्रो र चौथो चार्टर उडान गरेका थिए, ७ मंसिर ०८० मा चीनको कुनमिङ सहरबाट हिमालय एयरलाइन्सको विमानले, २२ कात्तिक ०८१ मा चीनको सिचुवान एयरलाइन्सले पोखरामा छैटौं, १३ मंसिरमा भारतको दिल्ली विमानस्थलबाट निजी विमान जेल एयरले सातौं चार्टर उडान गरेको थियो। भारतबाट आएको यो पहिलो उडानसमेत हो।

चीनको एक्जिम बैंकले २१ करोड ७० लाख अमेरिकी डलर अर्थात् नेपाली रुपैयाँ करिब २२ अर्ब ऋण सहयोगमा फोरडी मोडेलमा निर्माण भएको विमानस्थलमा ४५ मिटर चौडाइ र दुई हजार पाँच सय मिटर लामो धावनमार्ग रहेको छ। जाहा बोइङ ७५७ र एयरबस ३२० वा सोसरहका विमान आउजाउ गर्न सक्ने विमानस्थलमा साना र ठुला गरी ११ विमान पार्किङ गर्न सकिन्छ।

डेढ दशकपछि पुस्तक प्रदर्शनी

धनगढी/ कैलालीको धनगढीमा मंगलबारबाट बृहत् राष्ट्रिय पुस्तक प्रदर्शनी तथा शैक्षिक महोत्सव सुरु भएको छ। महोत्सवमा मसलन्द सामग्री, पुस्तक, प्रकाशक, स्टेसनरी वितरक, शैक्षिक संस्था, शिक्षासँग सम्बन्धित निकायका सयवटा स्टल राखिएको संघका नेपाल बुक तथा स्टेसनरी संघ कैलालीका अध्यक्ष भीम पडालले जानकारी दिए।

महोत्सवमा दुई लाख दर्शकले अवलोकन गर्ने र पाँच करोड रुपैयाँबराबरको आर्थिक कारोबार हुने अनुमान गरिएको छ। विभिन्न पुस्तक तथा सामग्रीहरू सहुलियत मूल्यमा महोत्सवमा खरिद गर्न सकिने संघले जनाएको छ।

सर्टिफिकेट हरायो

मिति २०८१/८/१५ गते अन्दाजी ११ बजेको समयमा काँडाघारीबाट TU बाट जारी भएको मेरो निम्न व्यहोरा भएको Bachelor Degree को प्रमाणपत्र (सर्टिफिकेट) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name : Sanjib Lamsal
Reg.No : 3-2-368-177-2009
Symbol No. : 51630/52
Contact : 9801142758

INVITATION FOR SEALED BIDS

1st Published Date: 2081/09/10

Muktinath Bikas Bank Ltd. invites sealed bids from eligible bidders for the Construction and Interior Decoration of the Palpa Branch.

Terms & Conditions:

1. The bid document containing the detailed scope of work and terms and conditions can be obtained and submitted upon payment of a non-refundable fee of NPR 2,000 (Two Thousand Only) to the following account at any branch of the Bank:
   Account Name: Bid Application Fee | Account Number: 013-94901701021.
2. Sealed bids comprising separate Technical and Financial Proposals, must be submitted to the address mentioned below on or before 4:00 PM on the 15th day from the publication of this notice. The bids must be accompanied by a Bid Security of at least 5% of the bid price (including VAT) with a minimum validity of 60 days.
3. The bids will be opened in the presence of the Bidders' representatives who choose to attend at the address mentioned below at 2:00 PM on the 16th day from the publication of the bid notice.
4. In case of public holiday, the next working day will be considered in both the cases.
5. The Bank reserves the right to accept or reject, completely or partially any or all the bids without assigning any reasons, whatsoever.

For further details, please contact General Service Department, Muktinath Bikas Bank, Lazimpat, Kathmandu.

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

पिपुल्स इन्भेष्टमेन्ट कम्पनी लिमिटेड
न्युरोड, संकटा, काठमाण्डौं, फोन नं. ०१-५१११००८
Email: peoplesinvestment.com.np
Web: peoplesinvestment.com.np

पन्ध्रौं/सोह्रौं र सत्रौं वार्षिक साधारण सभा वस्ने सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/०५/१०

यस कम्पनीको मिति २०८१ साल पौष ०७ गते बसेको संचालक समितिको १३६ औं बैठकको निर्णय अनुसार कम्पनीको पन्ध्रौं/सोह्रौं र सत्रौं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने मिति, समय र स्थान:
मितिः २०८१ पौष २९ गते सोमबार (१३ डिसेम्बर २०२४)
समयः बिहान ११ बजे
स्थानः अल्फा हाउस ब्याङ्क्वेट (Alfa House Banquet)
अल्फा बेटा कम्पेक्स बुद्धनगर, नयाँ बानेश्वर, काठमाडौं, नेपाल

छलफलका विषयहरु :

क) सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत पन्ध्रौं/सोह्रौं र सत्रौं वार्षिक प्रतिवेदन पारित गर्ने।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/७९, २०७९/८० र २०८०/८१ साल आषाढ मसान्तको वासलात सोहि मितिमा समाप्त आ.व. २०७८/७९, २०७९/८० र २०८०/८१ को आयव्यय हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने।
३. कम्पनी ऐन २०६३ को दफा ११३ अनुसार आ.व. २०७९/८० र २०८०/२०८१ को लेखापरिक्षण कार्यको लागि लेखापरिक्षकको नियुक्ति अनुमोदन गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने।
४. कम्पनी ऐन २०६३ को दफा ११९ अनुसार आ. व. २०८१/८२ को लेखापरिक्षण कार्यको लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

ख) विशेष प्रस्ताव

१. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा प्रति शेयर रु. १०० का दरले कायम रहेको शेयर टुका गरि प्रति शेयर रु. ५० को दरले कायम गर्ने।
२. कम्पनीको लगानी रहेको संस्थापक शेयर बिक्री गर्न तथा बैंक वित्तीय संस्थामा धितो बन्धक राख्न सञ्चालक समितिलाई अख्तियारी दिने।
३. कम्पनी रजिष्ट्रेड ठेगाना परिवर्तन गर्ने।
४. प्रबन्धपत्र तथा नियमावलीको नियमनकारी निकायबाट कुनै फेरबदल सुझाव भएमा सो अनुसार आवश्यक फेरबदल गर्न संचालक समितिलाई अख्तियारी दिने।

ग) विविध

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

महाकाली सुगर इण्डष्ट्रिज प्रा. लि.
बेलौरी न.पा.-१०, कञ्चनपुर ।

यस उद्योगबाट उत्पादित मोलासेस Rectified Spirit प्रति लिटर मुल्य रु १०५/- तथा मोलासेस ENA प्रति लिटर मुल्य रु १२०/- ले मिति २०८१/०९/१० देखि बिक्रि गरिने भएकोले सबैको जानकारीको लागि यो मुल्य सुची प्रकाशित गरीएको छ। यस मुल्यमा अन्तःशुल्क तथा मु.अ.कर समाबेस गरीएको छैन।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा
जावलाखेल, ललितपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८१/०९/१०)

यस महाशाखाबाट मिति २०८१/०७/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना अनुसार रीतपूर्वक E-bidding बाट पेश हुन आएका बोलपत्रहरु मध्ये उल्लेखित बोलपत्रदाताको बोलपत्रको आर्थिक प्रस्ताव न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७(सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

S. N	Contract ID	Works package	Name & Address of Bidder	Bid Amount (Excluding VAT) NRs.
1.	WIDMD/NCB/ Works/81-82/03	Manthali Bazar Protection Works, Ramechhap	R.D.R. - Naulo Safal - Pushpahem JV, Manthali-1, Ramechhap	1,84,05,077.67

महाशाखा प्रमुख

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन पोखरा
कास्की

☎ ०६१-४६३४८७
लेखा ०६१-४६७४९०
फ्याक्स : ०६१-४६४१२३
Email: dropokhara@gmail.com
Website: www.dor.gov.np/pokhara

सडक डिभिजन पोखराको बोलपत्र स्वीकृतिको लागि आशयको सूचना

प्रकाशित मिति : २०८१/०५/१०

मिति २०८१/०७/२८ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा *www.bolpatra.gov.np* मा प्रथम पटक प्रकाशित सूचना नं. १३-२०८१/०८२ को सूचनामा उल्लेखित अन्तिम म्याद मिति २०८१/०८/२८ गते भित्र पर्न आएका बोलपत्रहरुको (E-submission) को आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (३) को प्रयाजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना सम्बन्धीत सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

S. N.	Contract No.	Description of Works	Name and Address of Successful Bidders	Accepted Bid Amount including VAT & PS NRs
1.	RDPKR/ 337310113/ 081/82-47	Roadway Improvement and Upgradation Works from Kahu danda main road towards Sisneri Padhero road, Kaski	M/S J.D.S. Construction, Machhapuchhare-02 Kaski	20,16,651.63
2.	RDPKR/ 337310113/ 081/82-48	Road Improvement and Safety Works at Kahu danda towards healthpost in Kahun danda main road.	M/S Smart Civil Construction, Pokhara-07,Kaski	39,56,442.18

डिभिजन प्रमुख

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
बुधबार १० पुस ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

पुरुष भलिबल लिगमा ६ फ्रेन्चाइज टोली

आगामी फागुनमा हुने लिगमा 'ए', 'बी' र 'सी' श्रेणी छुट्याएर खेलाडीको ड्राफ्ट गरिने

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपालमा पहिलोपटक पुरुष भलिबल फ्रेन्चाइज प्रतियोगिता हुने भएको छ। भलिबल खेल इतिहासमा पहिलोपटक आयोजना हुन लागेको नेपाल भलिबल पुरुष लिग (एनभिएल)को लोगो मंगलबार सार्वजनिक भएको छ। लिगको मुख्य आयोजक केडिया ग्रुपले लिगको नाम अंकित लोगो र स्लोगन सार्वजनिक गरेको हो। खेलकुद मन्त्री तेजुलाल चौधरी र केडिया ग्रुपका अध्यक्ष विमल केडियाले संयुक्त रूपमा लोगो सार्वजनिक गरेका हुन्।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्यसचिव टंकलाल घिसिङले 'उचाइको नयाँ उडान' नामक लिगको स्लोगन सार्वजनिक गरे। लोगो सार्वजनिक भएको कार्यक्रममै प्रतियोगितामा ६ टोलीको सहभागिता रहने जानकारी नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले जानकारी दिएका छन्। 'भलिबल इतिहासमै पहिलोपटक हुन लागेको पुरुष लिगमा ६ टोलीले प्रतिस्पर्धा गर्नेछन्,' चन्दले भने। उनका अनुसार लिग ९ दिनसम्म चल्नेछ। लिग चरणमा एकअर्कासँग प्रतिस्पर्धा गर्नेछन्।

सिंगल राउन्ड रोबिन लिगपछि पहिलो र दोस्रो हुने दुई टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। लिग चरणमा १५ र फाइनल गरी कुल १६ खेल हुनेछन्। प्रत्येक टोलीमा नौ नेपाली र तीन विदेशी गरी कुल १२ खेलाडी टोलीमा समावेश गर्ने पाउनेछन्। भलिबल संघले लिगमा सहभागी खेलाडीको वर्गीकरण गर्नेछ। यसैअनुसार खेलाडीहरूले अक्सनमा आफ्नो मूल्य राख्नेछन्। पुरुष खेलाडीहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भलिबल प्रतियोगिता खेलेको अनुसार 'ए', 'बी' र सी श्रेणी छुट्याएर ड्राफ्ट गरिने केडिया ग्रुपका कार्यकारी निर्देशक अश्विन केडियाले जानकारी दिए।

'संघले दिएको लिस्टअनुसारै खेलाडीहरूलाई वर्गीकरणमा राख्छौं, त्यहीअनुसार ड्राफ्ट हुनेछ,' केडियाले भने। भलिबल संघको प्राविधिक सहयोगमा हुने प्रतियोगिताको पहिलो संस्करण आगामी फागुनको अन्त्यमा काठमाडौंमा सञ्चालन हुनेछ। संघ र मुख्य आयोजक केडियाले प्रतियोगिताको मिति सार्वजनिक गरेका छैनन्। प्रतियोगिताको मिति र टोली चाँडै सार्वजनिक हुने चन्दले बताएका छन्।

गत असारमा प्रतियोगिता आयोजनाका भलिबल संघ र केडिया ग्रुपबिच सम्झौता भएको थियो। भलिबल संघले वार्षिक ३५ लाख रुपैयाँमा केडिया ग्रुपलाई पुरुष भलिबलको फ्रेन्चाइज लिग बेचेको थियो। लिग आयोजनाका लागि भलिबल संघ र केडिया ग्रुपबिच सात वर्षका लागि सम्झौता भएको छ। सम्झौताअनुसार पुरुष फ्रेन्चाइज लिग सम्पन्न गर्न लाग्ने सम्पूर्ण खर्च केडिया ग्रुपले व्यवस्थापन गर्नेछ।

नेपाली भलिबललाई थप उचाइमा पुऱ्याउने लक्ष्यका साथ उचाइको उडान स्लोगन राखिएको अपरेसन हेड विकास खेतानले बताए। उनले पहिलो संस्करणको लिगमा स्वदेशी र विदेशी खेलाडीको मिश्रणले उत्कृष्ट प्रतिस्पर्धा हुने विश्वास व्यक्त गरे। यसैबिच, श्रीलंकामा भएको काभा यू-२० पुरुष भलिबलको रजत विजेता नेपाली यू-२० राष्ट्रिय टोलीका सदस्यलाई नगदसहित सम्मान गरिएको थियो।



लिगको लोगो र स्लोगन सार्वजनिक भएको कार्यक्रममा काभा यू-२० पुरुष भलिबलको रजत विजेता यू-२० राष्ट्रिय टोलीका सदस्य सम्मानित भएका छन्।

एनओसीलाई मन्त्री चौधरीको चेतावनी

पुरुष भलिबल फ्रेन्चाइज लिगको लोगो सार्वजनिक भएको कार्यक्रममा मन्त्री चौधरीले अदालतको आदेश नमानी निर्वाचन प्रक्रिया थालनी गरेको नेपाल ओलम्पिक कमिटी (एनओसी)लाई चेतावनी दिएका छन्। मुलुकको ऐन कानुन र अदालतको आदेश नमान्नेलाई कडा कारबाही गरिने चौधरीले बताए। 'मुलुको ऐन, कानुन र अदालतको आदेश नमान्नेलाई जोकोही संस्थालाई हामी कडा कारबाही गर्छौं,' उनले भने।

विगत दुई-तीन महिनादेखि खेलकुदको माहोल बन्दै गएको अवस्थामा ओलम्पिक कमिटीले अदालतको आदेश र ऐन कानुनविपरीत कार्य गरेर खेलकुदको वातावरण दूषित पार्ने दुष्प्रयास गरेको बताए। 'मुलुकमा ऐन, नियम, कानुन छ, मुलुकको यो कानुन सबैले कानुन मान्नुपर्छ, जुन एनओसीमाथि पनि लागू हुन्छ, तर एनओसीलाई कानुनअनुसार चल्न पत्राचार गरे पनि अटेरी गर्दै आफू खुसी चल्दै आएको छ,' उनले भने, 'कानुन तोडेर जथाभावी गर्न कसैलाई छुट छैन, यदि कसैले मुलुकको कानुन तोड्छ भने त्यसले कारबाहीको भागीदार बन्नुपर्ने र ठुलो दुर्घटनाको सामना गर्न तयार रहनु होला।'

एनओसीले ऐनको धज्जी उडाउने कार्य गरेको आरोपसमेत मन्त्री चौधरीले लगाएका छन्। उनले यस्तो गैरकानुनी कार्य गर्नेप्रति सरकारले सहन नसक्ने र उनीहरूलाई कारबाहीको दायरामा ल्याउने तयारी भइरहेको बताए। 'मुलुकको ऐन कानुन नमान्ने र गैरकानुनी कार्य गर्नमा उद्यत देखिएको एनओसीलाई सहयोग गर्ने राष्ट्रिय खेलकुद संघका पदाधिकारीहरूलाई पनि कारबाही गर्न हामी तयार छौं,' उनले भने, 'छिट्टै राष्ट्रिय खेलकुद संघलाई पत्र आउँदै छ, त्यसको उचित जवाफ दिन नसके कानुनी कारबाहीको कठघरामा उभ्याइनेछ, त्यसका लागि तयार भएर बस्नु होला।'



खेलकुदमन्त्री भन्छन्–

मुलुकको ऐन कानुन नमान्ने र गैरकानुनी कार्य गर्नमा उद्यत देखिएको एनओसीलाई सहयोग गर्ने राष्ट्रिय खेलकुद संघका पदाधिकारीहरूलाई पनि कारबाही गर्न हामी तयार छौं

अन्य लिगहरू

● **क्रिकेट** : नेपाली खेलकुदमा बिस्तारै फ्रेन्चाइज लिगको माहोल बढिरहेको छ। गत शनिबार मात्र क्रिकेटको नेपाल प्रिमियर लिग (एनपिएल) भव्य रूपमा सम्पन्न भयो। एनपिएलमा विश्व क्रिकेटमा आ-आफ्नो ख्याति कमाएका क्रिकेटरले प्रतिस्पर्धा गरे। वेस्ट इन्डिजका ब्रायन लाराले एनपिएल हेर्न निमित्ते नेपाल आए। यसैगरी, भारतीय पूर्वओपनर शिखर धवनदेखि न्युजिल्यान्डका जिमी निसमले एनपिएलमा आफ्नो जादु देखाए। नेपाल क्रिकेट संघ (क्यान) प्रतिबन्धमा रहँदा नेपालमा धनगढी प्रिमियर लिग आयोजना भएको थियो। धनगढीसँगै पोखरा प्रिमियर लिग र एभेरेस्ट प्रिमियर लिग भएका थिए। तर, यी लिगहरूले निरन्तरता पाउन सकेनन्।

● **फुटबल** : फुटबलको नेपाल सुपर लिग लगातार दुई सिजन भएको थियो। यस वर्ष यो हुने वा नहुने टुंगो छैन। सन् २०२१ मा काठमाडौं र २०२३ मा ललितपुरले नेपाल सुपर लिग उपाधि जितेका थिए। प्रतियोगितामा विराटनगर, काठमाडौं, ललितपुर, चितवन, पोखरा, बुटबल, धनगढी, झापा, स्पोटिङ इलाम झापा र वीरगन्जले प्रतिस्पर्धा गरेका थिए। नेपाल सुपर लिग दुवै सिजन दशरथ रंगशालामा भएको थियो। अखिल नेपाल फुटबल संघ (एन्फा)को आन्तरिक विवादका कारण यो लिगको मिति घोषणा हुन सकेको छैन।

● **कबड्डी** : नेपाल कबड्डी लिग (एनकेएल)को पहिलो संस्करण ४-१९ माघसम्म हुँदै छ। खेल डबल राउन्ड रोविनमा हुनेछ। पहिलो संस्करणमा ६ टिमको सहभागिता हुनेछ। एनकेएलमा ६ सहरका ६ टिमले प्रतिस्पर्धा गर्नेछन्। जसमा विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमान्डु माभरिक्स, पोखरा लेकर्स, हिमालयन रेइडर्स र धनगढी वाइल्डक्याट्स छन्। ६ टिमले ड्राफ्टबाट ८४ खेलाडी छनोट गरेका छन्। टिमको नाम, टिम प्रशिक्षक, मार्की खेलाडीको घोषणासँगै खेलाडीको ड्राफ्ट अन्तिममा भएको थियो।

एनओसीमा अध्यक्षमा मात्रै प्रतिस्पर्धा हुने

नयाँ पत्रिका

उच्च अदालत पाटनको आदेशविपरीत निर्वाचन प्रक्रिया अगाडि बढाएको नेपाल ओलम्पिक कमिटी (एनओसी)को निर्वाचन अब अध्यक्षका लागि मात्रै प्रतिस्पर्धा हुने भएको छ। सोमबार राति अनलाइनमार्फत मनोनयन दर्ता हुँदा एक अध्यक्षका लागि तीनजनाको उम्मेदवारी परेको छ। लगातार दुई कार्यकाल पूरा गरेका जीवनराम श्रेष्ठका साथै वर्तमान महासचिव नीलेन्द्रराज श्रेष्ठ र ह्यान्डबलका तेजबहादुर गुरुङ प्रतिस्पर्धामा छन्।

एनओसीको गत १७ मंसिरमा भएको विशेषतः साधारणसभाले तीनपटकसम्म पनि अध्यक्ष र महासचिवमा लड्न पाउने विधान संशोधान गरेको थियो। यसैको आधारमा श्रेष्ठले लगातार तीनपटक कार्यकाल हाँक्न अध्यक्षमा उम्मेदवारी दिएका हुन्। आगामी शनिबार हुने निर्वाचनका लागि अनलाइनमार्फत उम्मेदवारी दर्ताको अन्तिम दिन सोमबार राति ११ बजेसम्म थियो। मंगलबार दिउँसो ३ बजेसम्म उम्मेदवारी फिर्ता लिन सकिने प्रावधान थियो। कबड्डीकी तुलसा थापा र जुडोका दीपकहर्ष बज्राचार्यले उम्मेदवारी फिर्ता लिएपछि सात उपाध्यक्ष्य निर्विरोध भएका छन्।

उपाध्यक्षमा निर्विरोध हुनेमा ज्योति राणा, गोपालसुन्दर लाल कक्षपति, प्रकाशशमशेर राणा, दावा गुरुङ, अनिलप्रसाद शर्मा, अशोकरत्न बज्राचार्य र चतुरानन्द राजवैद्य छन्।

महासचिवमा नेपाल राफ्टिङ एन्ड कन्होइङ संघका अध्यक्ष राजीव श्रेष्ठ निर्विरोध निर्वाचित भए। सहमहासचिवमा ब्याडमिन्टनका रामजीबहादुर श्रेष्ठ तथा कोषाध्यक्षमा गल्फका टासी घले चुनिएका छन्। सचिवमा आर्चरीका रमेश सिवाकोटी, बास्केटबलका भीमसिंह गुरुङ र भारोत्तोलनका रामकृष्ण श्रेष्ठ पनि निर्विरोध चुनिएका छन्। सदस्यमा जिम्न्यास्टिककी गीता राणा, फुटबलका मनीष जोशी, उसुका लाक्पा शेर्पा, भलिबलका जितेन्द्रबहादुर चन्द र बक्सिङका राम अवाले निर्विरोध चयन भए। विगतमा भन्दा यसपटक पदाधिकारीको संख्या बढाइएको छ। पाँचबाट उपाध्यक्षको संख्या सात पुऱ्याइएको छ।

■ अध्यक्षका प्रत्याशी



जीवनराम श्रेष्ठ | नीलेन्द्रराज श्रेष्ठ | तेजबहादुर गुरुङ

सुनील पछि हटे

एनओसीका उपाध्यक्ष सुनील श्रेष्ठले उच्च अदालत पाटनको आदेशको अवज्ञा, राष्ट्रिय खेलकुद परिषद्को पत्रको उल्लंघन, खेलकुद र गृह मन्त्रालयको आदेशविपरीत भइरहेको निर्वाचन प्रक्रियामा भाग नलिने पत्रमार्फत निर्वाचन समितिलाई जानकारी दिएका छन्। एनओसीको निर्वाचन प्रक्रियामा सोमवार उम्मेदवारी दर्ताका लागि समय तोकिएको थियो। सातदोबाटोस्थित एनओसी भवनमा सरकारको निर्देशनमा प्रहरीले प्रवेश निषेध गरेको थियो। जसका कारण भौतिक रूपमा उपस्थिति भएर मनोनयनपत्र दर्ता सम्भव भएन। अदालतको आदेशको पालना नगरेको भन्दै सरकारले प्रहरी परिचालन गरेको थियो। अन्तर्राष्ट्रिय ओलम्पिक काउन्सिल (आइओसी)सँगको समन्वय र निर्देशनमा अनलाइनमार्फत नै मनोनयन दर्ता गरिएको हो।

एरिका र कुशल सम्मानित

काठमाडौं/ सानेपास्थित रेडियन्ट रिडर्स एकेडेमीले करँातेका एरिका गुरुङ र कुशल श्रेष्ठ मंगलबार सम्मानित भएका छन्। रेडियन्ट रिडर्सको वार्षिक खेलकुद दिवसका अवसरमा गुरुङ र श्रेष्ठलाई ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जन र रेडियन्ट रिडर्सका संस्थापक प्रिन्सिपल डिके ढुंगानाले सम्मानित गरेका हुन्। एरिकाले आफ्नो खेल करिअरमा विश्व च्याम्पियनसिपसहित समग्रमा ६ अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेकी छिन्। विश्व च्याम्पियनसिपबाहेक एरिकाले पाँच अन्तर्राष्ट्रिय प्रतियोगितामा ४ स्वर्ण, ३ रजत र १ कांस्य गरी ८ पदक जितेकी छिन्।

सबै प्रतियोगितामा पदक जित्दा कुशल नै एरिकाको प्रशिक्षक थिए। कुशल दर्शौं दक्षिण एसियाली खेलकुद (साग)का स्वर्ण विजेता पनि हुन्। मेयर महर्जनले विद्यालयले खेलकुद गतिविधिलाई प्राथमिकता दिएको बताए। खेलक्षेत्र अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रलाई पहिचान गराउन सक्ने महत्त्वपूर्ण माध्यम भएको उनले बताए। संस्थापक प्रिन्सिपल ढुंगानाले बिस्तारै नेपालमा पनि खेलकुदमै लागेर जीवीकोपार्जन गर्न सक्ने अवस्था बन्दै गएको बनाए।

शोभाको जोडी क्वार्टरफाइनलमा

काठमाडौं/ क्षितिज खनाल र शोभा गौचनको जोडी नेपाल इन्टरनेसनल च्यालेन्ज २०२४ मिक्स युगलको क्वार्टरफाइनलमा पुगेका छन्। प्रतियोगितामा नेपालले कम्तीमा एक कांस्य जित्ने पक्का भएको छ। सेमिफाइनलमा प्रवेश खेलमा खनाल र गौचनको जोडीले ओलम्पियन प्रिन्स दाहाल र रसिला महर्जनविरुद्ध खेल्नेछन्। थाइल्यान्डले आफ्नो नाम फिर्ता लिएपछि प्रिन्सको जोडी अन्तिम आठमा पुगे।

खनाल शोभाको जोडीले श्रीलंकाका थुलिथ पल्लिया गुरु र पाञ्चाली अधिकारीको जोडीलाई २-० ले हराउँदै अन्तिम आठको स्थान पक्का गरेका हुन्। च्यालेन्जमा अन्य खेलमा नेपाली खेलाडीहरूले निरासाजनक प्रदर्शन गरेका छन्। मिक्स युगलमा नेपालका देव रानाको जोडी थाईल्यान्डका नोन्ताकोर्नको जोडीबाट २-० ले पराजित भए। भोजबहादुर गुरुङ र अन्जना राईको जोडी अमेरिकाका प्याट्रिक ची र नाताली चीबाट २-० ले पाखा लागेका छन्।

भारतका मोहित जनगलान र लक्षिताको जोडीले नेपालका अमन महर्जन र निता लम्सालको जोडीलाई २-० ले हराए। सुनिल जोशी र एलिना सुनारको जोडी थाइल्यान्डका अपिचासित थिराविवतको जोडीबाट सहज सेटमा पराजित भए। च्यालेन्जको पुरुष युगलमा नेपालका प्रिन्स र श्रीलंकन दुमिन्दु अवेविक्रमेको जोडीले पराजित भए। पुरुष युगलमा क्षितिज खनाल र देवराज रानाको जोडी भारतका आर्य थाकोर र ध्रुव थाकोरको जोडीसँग २-० ले पराजित भए।

मार्बलस बास्केटबलको सेमिफाइनलमा

नयाँ पत्रिका

मार्बलसको दुई टोली १३औं प्याब्सन मध्य क्षेत्रीय बास्केटबल प्रतियोगितामा मंगलबार सेमिफाइनलमा प्रवेश गरेको छ। मार्बलसको सिनियर र जुनियर पुरुष टोली अन्तिम चारमा पुगेका हुन्। सिनियर पुरुषमा मार्बलसले स्वप्न वाटिकालाई ४०-३२ ले पराजित गऱ्यो। जुनियर पुरुषको क्वार्टरफाइनलमा मार्बलसले अवेरनेस इन्टरनेसनल एकेडेमी (एआइए)लाई ४५-२८ ले हरायो। सिनियर पुरुषमा एआइएले काठमाडौं जेभियर्स पब्लिकलाई ३९-३१ ले हरायो। सनसाइनले अल्बर्टमाथि ८२-१८ को एकपक्षीय जित निकाल्यो। हेम्सले अक्षरलाई ४६-२६ ले पाखा लगाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे।

जुनियर पुरुषमा हेम्सले स्पांगेललाई २८-१६ ले हरायो। काठमाडौं जेभियर्सले एसियन पब्लिकलाई ४६-१३ र सनसाइनले लिटिल फ्लावरलाई ४९-२३ ले पन्छ्याउँदै अन्तिम चारको स्थान बनाए। सिनियर महिलामा काठमाडौं जेभियर्सले स्पांगेललाई ३२-१० ले पराजित गऱ्यो। एसियन पब्लिकले सिर्जनशीललाई १२-४ ले पाखा लगायो। लिभरपुलले स्वप्न वाटिकालाई १२-७ र इन्नोभेटिभले चैतन्य शिक्षा संस्कारलाई १९-६ ले पराजित गर्दै अन्तिम चार स्थान सुरक्षित गरेका छन्।



मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

पूर्वाधार विकास कार्यालय, सप्तरी

(प्रकाशित मितिः २०८१/०५/१०)

यस कार्यालयबाट IFB No.: 01/081/82/IDO/Saptari, मिति २०८१/०७/१४ (30th October, 2024) को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E-Bidding मार्फत आह्वान गरिएको बोलपत्रदाताहरूबाट प्राप्त बोलपत्र मूल्याङ्कन हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरू न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

क्र. सं.	ठेक्का नं.	योजनाको नाम/विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मू.अ.क. बाहेक)
१	IDO/Saptari/Works/NCB/01-081/82	सप्तकोशी नपा वडा नं. ५ वृद्धाश्रम देखि हस्पिटल हुँदै आदर्श टोलसम्म RCC ढलान	M/S Rijan and Pratikshya Construction, Koshi Gaunpalika-02, Sunsari	रु. ५२,५९,२८२.६१
२	IDO/Saptari/Works/NCB/02-081/82	सप्तकोशी नपा वडा नं. २ सयपत्री टोलमा RCC ढलान	M/S Dhanlaxmi Nirman Sewa, Triyuga-11, Udayapur	रु. ५२,९६,९३४.६१
३	IDO/Saptari/Works/NCB/03-081/82	सप्तकोशी नपा वडा नं. ५ खेलमैदान देखि चित्रसेनको बाटो हुँदै नगरपालिकाको कार्यालय तुलसी चौक हुँदै नहरको बाटो राजमार्ग सम्म RCC ढलान	M/S Rijan and Pratikshya Construction, Koshi Gaunpalika-02, Sunsari	रु.५२,७९,६५७.५६

कार्यालय प्रमुख

कुशलले युएईको इन्टरनेसनल लिग टी-२० खेल्ने

नयाँ पत्रिका

नेपाली राष्ट्रिय टोलीका ब्याटिङ अलराउन्डर कुशल मल्लले युएईको इन्टरनेसनल लिग टी-२० खेल्ने भएका छन्। सन् २०२५ को जनवरीदेखि सुरु हुने टी-२० लिगमा कुशलले डेजर्ट भाइपर्ससँग सम्झौता गरेका छन्। उनले नेदरल्यान्ड्सका अलराउन्डर बास डी लिडेको स्थान लिने छन्। गत साता त्रिवि क्रिकेट मैदानमा भएको नेपाल प्रिमियर लिगमा प्रतिस्पर्धा दौरान घाइते भएका लिडेको स्थानमा कुशलले प्रतिस्पर्धा गर्ने भाइपर्सले जनाएको छ। लिडे एनपिएलमा पोखरा एभेन्जर्समा आबद्ध भएका थिए।

भाइपर्सले एक सिजनका लागि कुशललाई २० हजार अमेरिकी डलर दिनेछ। टी-२० लिगमा कुशलबाहेक नेपालका अर्का अलराउन्डर दीपेन्द्रसिंह ऐरी पनि आबद्ध छन्। दीपेन्द्रले गत सिजन गल्फ जायन्टबाट खेलेका थिए। यस सिजनका लागि गल्फ जायन्टले उनलाई रिटेन गरेको छ। डेजर्ट भाइपर्स क्रिकेटका निर्देशक टम मुडीले भने नेपालका युवा खेलाडी कुशललाई अनुबन्ध गर्न पाउँदा खुसी लागेको बताए। 'हामीले नेपालका युवा खेलाडीलाई भित्र्याएका छौं, उनीसँग महत्त्वपूर्ण अनुभव छ,' मुडीले भने।



२० वर्षीय कुशलले एनपिएलमा चितवन राइनोजको कप्तानी गरेका थिए। उनकै ब्याटिङ अलराउन्डर प्रदर्शनको सहयोगमा चितवनले एनपिएलको प्लेअफ स्थान पक्का गरेको थियो। तर, प्लेअफमा कर्णाली याक्ससँग चितवन पराजित भयो। एनपिएलमा सर्वाधिक रन प्रहार गर्ने नेपाली खेलाडीमा उनी चौथो स्थानमा रहे। उनले ८ खेलमा २२४ रन र बलिङमा ९ विकेट लिएका थिए।

२०२० मा एकदिवसीयमा डेब्यु

कुशलले नेपाली राष्ट्रिय टोलीबाट सन् २०२० को फेब्रुअरीमा अमेरिकाविरुद्ध डेब्यु गरेका थिए। बायाँहाते ब्याट्सम्यान र बायाँहाते स्पिन बलर कुशलले १५ वर्ष र ३४० दिनको उमेरमा एकदिवसीय अन्तर्राष्ट्रिय डेब्यू गरेका थिए। नेपालका लागि उनी टी-२०आईमा पाँचौं सर्वाधिक रन बनाउने खेलाडी हुन्। उनले ४७ खेलमा एक शतक र चार अर्धशतक साथ ९१७ रन बनाएका छन्। सन् २०२३ को चीनमा भएको १९औं एसियाली खेलकुदमा उनले मंगोलियाविरुद्ध नटआउट १३७ रन शतकीय इनिङ्स खेलेका थिए। यसक्रममा उनले आठ चौका र १२ छक्का प्रहार गरेका थिए। टी-२० आईमा कुशलको व्यक्तिगत शतकीय योगफल पुरुषतर्फ तेस्रो ठुलो हो।

श्रीलंकालीदेखि इंग्लिस खेलाडीसम्म

कुशल आबद्ध भाइपर्स अन्तर्राष्ट्रिय क्रिकेटका अनुभवी खेलाडी छन्। श्रीलंकाका बिनन्दु हसरंगा र इंग्ल्यान्डका साम कुरान पनि यसै टोलीमा छन्। यसैगरी एलेक्स हल्स, लकी फगुर्सन, मोहमद अमिर र ड्यान लाउरेन्सले भाइपर्सबाट खेल्नेछन्। आइएल टी-२० युएईको फ्रेन्चाइज क्रिकेट लिग हो। सन् २०२३ को पहिलो सिजन उपविजेता भाइपर्स बनेको थियो। यस सिजनको पहिलो खेल १२ जनवरीमा अबुधाबीको जायेद क्रिकेट स्टेडियममा अबुधाबी नाइट राइडर्ससँग भाइपर्सले खेल्नेछ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com